Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- १४ २०८१ साल मंसिर ४ गते मंगलबार (Nov 19, 2024) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# स्वदेश फर्किए राष्ट्रपति पौडेल



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेल अजरबैजानको बाकुमा आयोजित जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय सम्मेलन कोप-२९ मा सहभागी भएर स्वदेश फर्किएका छन् ।

अजरबैजानका राष्ट्रपति इल्हम अलियेभको निमन्त्रणामा सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल नेतृत्वको नेपाली प्रतिनिधिमण्डल कात्तिक २५ गते बाकुतर्फ प्रस्थान गरेको थियो ।

अजरबैजानबाट कतारको राजधानी दोहा हुँदै राष्ट्रपति पौडेलको टोली शुक्रबार बिहान स्वदेश आइपुगेको हो । राष्ट्रपति पौडललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपसभामुखलगायत उच्च पदस्थ अधिकारीहरूले स्वागत गरेका थिए ।

राष्ट्रपति पौडेलले कोप-२९ अन्तर्गत गत मंगलबार उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई सम्बोधन गर्दै हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने वास्तविकतालाई मनन गर्न विश्व समुदायलाई आह्वान गरेका थिए ।

राष्ट्रपति पौडेलको अजरवैजान भ्रमणबारे परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृत बहादुर राईले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जानकारी गराएका थिए ।

» बाकी ६ पृष्ठमा

# सिमापार अपराध नियन्त्रणको लागि दुई देशीय साझा नीति पारित

**■ मोहन कार्की**

काठमाडौं- सीमापार अपराध नियन्त्रण थप प्रभावकारी बनाउने निर्णयसहित नेपाल-भारत सीमा सुरक्षा बैठक सोमबार सकिएको छ । सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालसँग दुई दिनसम्म सीमा सुरक्षा र सीमापार अपराध नियन्त्रण र रोकथामबारे छलफल गरेर भारतीय सशस्त्र सीमा बल (एसएसबी)का प्रमुख अमृतमोहन प्रसाद सोमबार भारत फर्किएका छन् । सीमा सुरक्षामा खटिँदै आएका दुई देशको सुरक्षा संगठन प्रमुखबीच भएको छलफल र समझदारीलाई सीमापार अपराध नियन्त्रणको क्षेत्रमा अर्थपूर्णरूपमा हेरिएको छ ।

यसबारे दुवै दलका सुरक्षा संगठन मिलेर लड्ने समझदारी भएको सशस्त्र प्रहरीका प्रवक्ता शैलेन्द्र थापाले बताए । उनले बिभिन्न सञ्चार माध्यमलाई जानकारी दिदै भने, 'नेपाल-भारतको सीमा खुला हुँदा भारतमा अपराध गरेर नेपालमा लुक्ने अथवा नेपालमा अपराध गरेर भारतमा लुक्ने, तेस्रो देशको नागरिक आउने, सीमा क्षेत्रबाट घुसपैठ गर्ने, मानव तस्करी हुनेजस्ता अनेकन समस्या छन्, ती समस्याहरूको सम्बोधनका लागि एकीकृत रूपमा लड्ने समझदारी भएको छ ।'थापाका अनुसार बैठकले




सीमाबाट हुने तेस्रो देशका नागरिकको घुसपैठ नियन्त्रण र आवागमन गर्ने नेपाल-भारतका नागरिकलाई सहजीकरण गर्न सीमा क्षेत्रमा ' इन्फरमेसन डेस्क' स्थापना गर्ने निर्णय गरेको छ । हाल नेपाल-भारत खुला सीमा एक हजार ८८० किलोमिटर छ ।

सोही खुला सीमाको आपराधिक मनोवृत्ति भएकाहरूले फाइदा उठाउँदै आएका छन् । तर, यसपटक दुई देशका सीमा सुरक्षा बलका प्रमुखबीचको छलफलपछि भारतले तालिमप्राप्त कुकुरसहितका सुरक्षाकर्मी सीमा क्षेत्रमा खटाउन नेपालको सशस्त्र प्रहरीलाई तालिम दिने भएको छ । दुवै दलले सीमा सुरक्षालाई प्रभावकारी बनाउन 'ज्वाइन्ट टास्क फोर्स' गठन गर्नेबारे पनि बैठकमा छलफल भएको थियो । तर, त्यसबारे समझदारीमा हस्ताक्षर हुन सकेन । हाल ताप्लेजुङदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा छुट्याउने आठ हजार ५५३ सीमास्तम्भ छन् । ती सीमास्तम्भहरूको रेखदेख, संरक्षण र

» बाकी ६ पृष्ठमा

# ठगी गरेको आरोपमा ३ जना पक्राउ

**काठमाडौं–** वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा पारी ठगी गरेको आरोपमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोलुखुम्बु नेचासल्यान गाउँपालिका-३ घर भई भक्तपुर बालकोट बस्ने २२ वर्षीया प्रितिका बाँस्तोला, चितवन भरतपुर महानगरपालिका-१० ज्ञानदर्शनटोल ठेगाना भएका ३६ वर्षीया शारदा सुवेदी र चितवन भरतपुर महानगरपालिका-४ त्रिचोक ठेगाना भएका २५ वर्षीय सुरज कँडेल रहेका छन् ।

पक्राउ मध्ये प्रितिकाले दुबई पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख रूपैयाँ, शारदाले युके पठाइदिन्छु भन्दै १ जना पीडितबाट १ लाख रूपैयाँ र सुरजले युके पठाइदिन्छु भन्दै १ जना पीडितबाट १ लाख रूपैयाँ लिई ठगी गरेको प्रहरीले जनाएको छ ।

पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका



अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौं टेकुबाट पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

# मधेश प्रदेशमा ७ वडाध्यक्षका लागि १०३ जनाको उम्मेदवारी




**जनकपुरधाम–** मधेश प्रदेशको सातवटा वडामा अगामी मंसिर १६ गते हुने वडाध्यक्षको लागि हुन लागेको निर्वाचनका लागि १०३ जनाको उम्मेदवारी परेको छ ।

आइतबार भएको मनोनयन दर्तामा धनुषाको धनुषाधाम नगरपालिका वडानम्बर १ को वडाध्यक्षको लागि २१ जना, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं. २ का वडाध्यक्षको लागि २० जनाको उम्मेदवारी परेको छ ।

यस्तै सप्तरीको डाकनेश्वरी नगरपालिका वडानम्बर १ को वडाध्यक्षको लागि ९ जना र वडानम्बर ४ का लागि ८ जनाले मनोनयन दर्ता गराएको निर्वाचन आयोगले जनाएको छ ।

यस्तै रौतहटको इशनाथ नगरपालिका वडानम्बर ७ का वडाध्यक्ष पदका लागि १५ जना, राजपुर नगरपालिका वडानम्बर ६ का लागि १४ जना र गढीमाई नगरपालिका वडानम्बर १६ जनाको उम्मेदवारी परेको आयोगले जनाएको छ ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १४, २०८१ साल मंसिर ४ गते मंगलबार (Nov 19, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### दुईदेशिय सीमा सुरक्षा प्रभावकारी बनाऔं ।

नेपाल–भारत सीमा सुरक्षाकर्मीस्तरीय वैठक भरखरै सकिएको छ । उक्त वैठकले नेपाल–भारत सीमापार अपराध नियन्त्रण सम्बन्धि विषयमा दुवैपक्षवाट सहमति जनाई साझा नीति बनाइएको छ । यो नेपाल र भारत दुवै देशको हितमा देखिन्छ । यस्ता सम्झौताहरु विगतमा पनि हुने गरेका छन् । तर कार्यन्वयनमा व्यवहारिक हुन सकेका छैनन् । त्यसकारण सम्झौता भन्दा पनि नेपाल–भारत सीमापार अपराध नियन्त्रण कार्यन्वयन महत्वपूर्ण पक्ष हो ।

यस्ता महत्वपूर्ण सम्झौताहरु भएपनि नेपाल र भारतको सीमापारको अपराध नियन्त्रण विगत देखि अहिलेसम्म प्रभावकारी हुन सकेको देखिदैन । अर्को तर्फ नेपालले आफ्नो तर्फवाट इमानदारिता देखाएपनि भारतीय पक्षवाट सम्झौता र इमानदारिता देखाउन सकेको छैन । त्यसकारण नेपाली जनताहरुले भारत र नेपाल बीच हुने गरेका साझा सम्झौताहरुमा विश्वास गर्न नसकेका हुन् ।

समय सधै उस्तै रहदैन परिस्थिति सधै एउटै पनि हुदैन । नेपाल र भारतमा अहिले पहिलाका दलहरु भन्दा भिन्न ढंगवाट सरकारहरु परिवर्तन भएका छन् । समय फेरिएको छ । यो समय फेरिएसँगै दुवै देशले गरेको सीमापार अपराध नियन्त्रणको विषयमा गरेको नयाँ पऱ्यास प्रभावकारी होला भन्ने विश्वास गर्न सकिन्छ । निर्धक्क हुन सकिदैन ।

भारतले विगतमा भुटानी शणार्थीलाई भारतीय भूमि हुदै नेपाल ल्याईदिएर थुपारदिएको पीडा नेपालीले अझै भुलेका छैनन् । भारत हुदै अन्य देशका शणर्थीहरु आज पनि नेपालमा आई राखेका छन् ।

उल्टै भारतले नेपालमा कुनै पाकिस्तानी भेट्यो भने नेपालको भुमि प्रयोग गरेर पाकिस्तानी भारत प्रवेश गऱ्यो भनेर डंका पिट्ने गरेको छ । यस्ता आधारहिन आरोप समेत लगाउन पछि नपर्ने भारतीय चलन छ । त्यसकारण पनि नेपाल र भारतको सीमापार अपराध नियन्त्रणमा भनाई र गराईमा फरक पर्दै आएको छ ।

त्यो विगतका यस्ता कमजोरीहरु दुवै पक्षले सुधार गरेर समन्वयकारी भूमिका खेलेमा हालै भएको दुईपक्षिय सीमापार सुरक्षा वैठक प्रभावकारी हुन सक्छ ।

# तिमीहरूको राजनीतिले जनतालाई के दियो ?



दामोदर पौडेल

पकिस्तानका बारेमा एउटा भनाइ छ- हरेक देशको लागि सेना हुन्छ तर सेनाको लागि एउटा देश छ, त्यो हो पाकिस्तान । धेरै देशमा नेताहरु छन् र उनीहरु जनताको लागि हुन्छन् ।

अब नेपालमा चाहिँ राजनीति छ र नेताहरु छन्, नेपाल देश जनता र सेनाको लागि हैन बरु राजनीतिज्ञहरुको लागि हो भने कसो होला ? राजनीतिमा धेरै कार्य सहज पनि छन् । जसरी पनि, जे गरेर पनि, सत्तामा जाने कार्य नेपालमा हुन्छ । अघिल्लो दिनसम्म दुस्मन र देशको दुर्गतिको कारण भनिएको व्यक्ति र दल अर्को दिनमा सत्ता साझेदार बन्नासाथ साह्रै राम्रो हुन्छ ।

देशमा अरुलाई नराम्रो भन्ने कुन दलले अर्को नराम्रो भनेको दलसँग मिलेर सरकार चलाएको छैन र ? एउटासम्म उदाहरण छ ? सबैभन्दा मज्जा त त्यति बेला आउँछ, जति बेला सत्तामा जानको लागि हामी कम्युनिस्टहरु एक हुनुपर्छ र जनताको पनि चाहना त्यही हो भनिन्छ ।

अर्को केही समयपछि सरकार ढल्छ तब ऊ, त्यो पार्टी त कम्युनिस्ट नै हैन भन्न थालिन्छ । जनताको लागि कहिले हामी कम्युनिस्टहरु मिल्नुपर्छ भन्ने, खाने, पचाउने अनि नमिल्ने अवस्था आएपछि त्यो कम्युनिस्ट नै हैन र एकले अर्कोलाई जनतालाई झुक्याएको हो भन्ने आरोप लगाउने र यो भनाइ दोहोरिरहने ? यो जनताको नाममा राजनीति हो कि नेताहरुलाई जे गरे पनि छुट हुने राजनीति हो ?

सामान्य जनताको भाषामा भन्दा ठूला दलहरुका हली, गोठालाहरुले धेरै ताबेदारी र विश्वास पात्र बन्न सकेमा मन्त्री, मनोनीत ठूला पदहरु, राजदूत, सल्लाहकार, महानिर्देशक आदि धेरै पदहरु छन् । ती पदहरु धेरै छन्, त्यसका आकांक्षीहरु त कति धेरै छन् कति । ती आकांक्षीहरुमा पढेलेखेका, पीएचडी गरेका, प्राध्यापक भएका, अधिवक्ता वा त्यसमा वरिष्ठ भएका, विदेशबाट धेरै अध्ययन गरेकादेखि कैयौं प्रमाणपत्रहरु पाएका मानिसहरु अर्थात् विद्वान्हरु दलहरुका हनुमान बनेर लागेका छन् । केही सधैँ हनुमानगिरी गरिरहेका छन् ।

कोही चुनावको बेलामा मात्र सटिक हनुमान बन्छन् । जनता झुक्किन बानी नै परेका छन् । त्यसैले यो देश नेताहरुले राजनीति गर्नको लागि बनेको छ । पढेको विद्वान् वर्ग यस्तो रहेछ कि उनीहरुलाई इज्जत र रबाफको लागि पदको आवश्यकता पर्दो रहेछ, त्यसको लागि ऊ जता पनि लाग्न सक्दो रहेछ । पद पाउने आशामा गलत गरेर देश बिगार्नेहरुको पछि पनि लाग्दो रहेछ ।

देशमा सरकारवादी मुद्दा पनि चल्छ, तर धेरै गलत गर्नेहरुले मिलेर एउटा गल्ती प्रमाणित नभएकोलाई कानुनको दुरुपयोग गरेर लामो समयसम्म दुःख पनि दिन सक्छन् भन्ने उदाहरणसमेत नेपाल नै होला कि ? सरकारवादी मुद्दा यस्तो मुद्दा हो र आवश्यक पनि छ तर सरकारमा रहने धेरैले चाहेमा त्यो मुद्दाको दुरुपयोग गरेर मानिसलाई दुःख दिइरहन सक्छन् । दुःख पाउनेले पाइरहन सक्छ । एउटा मुद्दा सकियो, अर्को मुद्दा चलाएर दुःख दिने कार्यको निरन्तरता दिन सकिन्छ ।

तर पनि कानुन बाध्य छ, अदालत र न्यायाधीशहरु बाध्य छन् । उनीहरुले कानुनको दुरुपयोग सहनुपरेको छ । किनकि न्यायाधीशहरुसमक्ष मुद्दा निर्णयको लागि आउँदा नै धेरै समय बितेको हुन्छ, थुनिनेले धेरै दुःख पाइसकेको हुन्छ । त्यसको सटिक उपचार त पाँच वर्षमा आउने चुनाव नै हो र बाध्यता पनि हो, त्यो समयसम्म पर्खनुपर्छ । तैपनि ती मैला गल्तीहरुलाई सफा गर्न सजिलो छैन । बेइमानहरु विभिन्न गफका रंग लगाएर मैलोलाई कृत्रिम सफा गर्दछन् ।

चुनाव त अक्कल लगाउनेहरुले नक्कली गहना बेच्ने थलो पनि बन्दछ । के गर्ने ? चुनावको विकल्प झनै नराम्रो छ । राजालाई अधिकार दिने कि, हामीले यति माऱ्यौं मत दिए मार्नेछैनौं वा शान्ति दिनेछौं भन्नेलाई मत दिने कि ? त्यसैले केही भाटहरु, भड्वाहरु, पदको लागि जनतालाई अलमल्याउनेहरुबाट मतको लागि पैसा कुम्ल्याउने तर जनतालाई भ्रम दिनेहरुलाई मत दिनबाट बच्न सके भने र उनीहरुको पैसा, खाना, रक्सी मासु आदि खाएर पनि मत भ्रष्टाचारमा लिप्न नहुने वा नभएका लोकतन्त्रका पक्षधरहरुलाई दिन सके भने केही आशा छ ।

अन्यथा गलतलाई मत दिनेहरुले कि मत दिन नजानुहोस्, कि मत दिई हात थिचेर एनजीओमा जानुहोस् र हातको निःशुल्क औषधि गर्ने व्यवस्थाको लागि केहीलाई जागिर दिनुहोस् । विदेशीहरुले तपाईंको सकृति परम्परासँग पैसा र सेवा साटेर तपाईंको केही दुःख निवारणको लागि पेनकिलर दिनेछन् । अन्यथा के विकल्प छ ? राजनीतिक जीवनको बलियो हक मतलाई नै सदुपयोग गर्न नसक्नु भनेको देशको मृत्युपत्रमा हस्ताक्षर गर्नुबराबर हो ।

जनसांख्यिकी, विदेशमा बस्न जाने, विविध कारणले देश उजाड बन्ने अवस्था भएपछि पनि सिमाना र नामले मात्र देश बुलन्द बन्छ र ? त्यसैले मतलाई मनले बाँधेर ठीक ठाउँमा दिऔँ । पुरानामध्ये नाम चलेका र भ्रष्टाचारमा संलग्न नभएका उम्मेदवारहरुलाई प्रतिपक्षमा बस्नको लागि सम्म मत दिने कार्य अलग हो ।

संघर्ष, हत्या, अनगिन्ती आशाहरुको लागि धेरै आशाहरुको बलिदान, सम्पत्ति तहसनहस तर परिणाममा नेपालीहरु देशमा बस्ने वातावरण नभएकोले विदेश जाने लर्को, यही हो अहिलेको समसामयिक अवस्था । बलिदान भएका आशा फर्केर नआउने र दिएका आशाहरु कहिल्यै पूरा नहुने तर हामी उनीहरुकै पछि लाग्ने अवस्था र बाध्यता वा बुद्धुपन हाम्रा सटिक परिस्थिति हुन् ।

नेपालीहरुका ती आशाहरु कहाँ गए ? के सबै आन्दोलन, हत्या, बलिदानहरु दलका नेताहरुलाई ठूला बनाउन, भ्रष्टाचार गर्न, पद र पैसाको लागि विदेशीसँग झुक्नको लागि नै थियो त ? योभन्दा ठूलो दुःख के होला ? कतिपयलाई अहिले पनि थाहा छ कि धेरै नेताहरुको गलत कार्यले देशलाई दुर्दसामा लगेको हो तर पनि गुजाराको लागि उनीहरुको पछि लाग्नुपरेको छ, या लोभको लागि पछि लाग्ने कार्य भएको छ ।

नेताहरुले गरेका गल्तीहरुले बेकारमा जनधनको क्षति भए पनि, भ्रष्टाचार गरेर देशलाई बरबात गरे पनि उनीहरुले राम्रो गरेका हुन् भनेर उनीहरुको पक्षमा पैरवी गर्नेहरुको पनि जमात छ । के यही हो नियति ? हजारौँ उदाहरणहरुमा एउटा मात्र उदाहरण दिँदा एउटा पाउडर दूध उद्योगसमेत राम्रोसँग चल्न सकेको छैन । किसानहरुको उत्पादित दूध धेरै भएकोले व्यवस्थापन गर्न कठिन भएको छ । दूधलाई दूध उद्योगमा लग्दा पाउडर दूध बिक्री नहुनाले किन्न सक्दैनौँ भन्ने गरेको र उद्योगमा पाउडर दूध बिक्री नभएर बिग्रने अवस्थामा पुगेको देख्न सकिन्छ ।

हल्लैहल्लाको यो देशमा सत्य हो कि होइन, थाहा छैन तर नियोजित किसिमले दूध सडकमा पोख्न लगाएर किसानमा दूध उत्पादनमा निराशा ल्याउने र नेपालमा दूध उत्पादन कम गराउने षड्यन्त्र हो, त्यसपछि विदेशबाट दूध ल्याउने बाटो खोल्न सकिन्छ भनेर गरिएको कार्य हो भन्ने पनि गरिएको छ । कता कसको विश्वास गर्ने ? देशमा पउडर दूध उद्योगको त्यो हाल छ । बजारमा विदेशी पाउडर दूधको एकाधिकार छ । बजार व्यवस्थापन छैन ।

नेपाली पाउडर दूध जतिमा पाइन सक्छ, त्योभन्दा कम्तीमा पचास प्रतिशत महँगो पाउडर दूध बजारमा पाइन्छ । यो कस्तो विडम्बना हो ? तरकारीहरु मात्र हैन, कतिपय पहाडी जिल्लाका बस्तीहरुमा उत्पादित चामल बिक्री गर्न गाह्रो छ तर विदेश प्याक गरिएको चामल राम्रोसँग बिक्री भएको देखिन्छ । हामी कता जाँदै छौं ? शायद बाहिर रुमाले तर भित्र गुन्द्रुक उमाले भनेको त्यही हो कि ? बाहिर राष्ट्रियता, विदेशीहरुको विरोध, छिमेकी विस्तारवाद, नेपाली एक हौं जस्ता रुमाले नारा लगाउने, हामीलाई मूर्ख बनाउने र भित्र विदेशीको दलाली भएको उनीहरुको व्यवहारबाट अनुमान गर्न सकिन्छ ।

कुनै एक नेतालाई अप्रमाणित वा प्रमाणित नै हुन गएमा पनि कम सजाय हुने खालको आरोपमा थुन्न हतार भएको छ । भ्रष्टाचार गर्ने, नेपालीलाई विदेशी शरणार्थी भनेर विदेश पठाउने, सरकारी जग्गाको दुरुपयोग गर्नेजस्ता अनगिन्ती गल्ती गर्नेहरुलाई सजायको दायरामा ल्याउने कुनै संकेत छैन । बरु गल्ती गरेर हालिमुहाली गर्नेहरुले गल्ती गर्ने अधिकार हाम्रो मात्र हो भनेजस्तो गरेर जनतामा राम्रो छाप रहेकालाई दुःख दिने काम भएको छ ।

यद्यपि यो कार्य दुःख दिनेहरुका लागि प्रत्युत्पादक नै भएको देखिएको छ । जनताले एकताबद्ध बन्ने अवसर पाएको जस्तो देखिएको छ । जनताले देश बिगार्नेलाई चिनेका तर विकल्प नभएकोले निराश भएकामा अब विकल्प देखिएकाले सकारात्मक बन्न खोजेका हुन् कि भन्ने संकेत हालको जनउभारको आधारमा पनि मान्न सकिन्छ । यो लोकतन्त्रप्रति नै जनताको अविश्वास हुनबाट रोक्ने अवसर पनि हो ।

हामीलाई थाहा छ, दलहरु र नेताको पछि लाग्नभन्दा देश र लोकतन्त्रको सकारात्मक प्रयोगबाट लोकतन्त्रमा जनविश्वास रहनु महत्वपूर्ण हुन जान्छ । देशमा जग्गा बाँझो राख्ने र नागरिकलाई विदेश पठाएर त्यहाँबाट आएको पैसाले उनीहरुका परिवारले विदेशी सामान, खाद्यान्नसमेत किन्न पर्ने र त्यही रेमिट्यान्सबाट देश चल्ने र विदेशी मुद्राको सञ्चय भएको अवस्थाले आर्थिक मेरुदण्ड सबल बनाउन प्रयास गर्ने कार्य कहिलेसम्म हुने हो ?

नेता, कार्यकर्ता, दलका विचारक, दलका विद्वान् भनिनेहरुले दलको दार्शनिक आदर्श, मेरो दल राम्रो, मेरो मात्र धर्म राम्रो भन्ने र देशमा भने जहिले पनि हरेक संघर्ष र आन्दोलनपछि अझै नराम्रो भौतिक र मानसिकताको विकास हुनाले तिनीहरुलाई बोक्ने र भोट दिनेहरुसमेतलाई भाट, गलतहरु र देशलाई बिगार्नेहरुलाई बोक्ने गधाहरु हौ, तिमीहरु पनि उत्तिकै बेइमान हो भन्ने अवस्था आएको छ । दलका नेताहरुको प्रशंसा गर्न बानी परेका एडिक्टहरु विद्वान् हुन् कि नेताहरुको गल्ती छोप्न प्रयास गर्ने रोबोट हुन् भन्ने चिन्न पनि कठिनाइ भएको छ ।

यो विचारले, यसरी, उसरी देश बनाउने भन्ने हनुमानहरुका गाथाहरुको परिणाम यही हो त ?

मान्छे मारेर चोकमा ठूलो काम गरेको गफ दिने, मानिसहरु विदेशमा गएर दुःख गरेर पैसा पठाएकोमा देशमा विदेशी पैसाको सञ्चितीको गफहरु धेरै छन् । गाउँ, बस्ती उजाड बनाएर क्रान्ति गर्नेहरु अझै सत्ता गुमेको भनेर आन्दोलन गर्ने भाषण गरिरहेका छन् ।

अब पनि हतियार बोकेर मानिसलाई त्रास दिने हो भने शहरहरु पनि खाली हुन थाल्नेछन्, देशको जनसंख्या तहसनहस हुनेछ । त्यसपछि कहाँबाट जनता ल्याएर शासन गर्न खोजिएको हो ? देशै अन्यथा हुने सम्भावनाको शुरुवात हुने त होइन ?

विचार त देश र समाजको हित एवं विकासको लागि, रोजगारी र आम्दानीको वृद्धि गर्नको लागि हुनुपर्नेमा त्यो आशा नै छैन ।

भन्न मन लाग्छ- हे ऐरुगैरु नथ्थु खैरु हो, तिमीहरुका विचार र भाषणहरु त जनता ठग्ने माध्यम मात्र भए । बन्दाबन्दै भत्कने पुल बनेका छन्, कतिपय सडकहरु बनेको दिनमा नै पाप्रा जानेछन्, नचाहिने ठाउँमा अर्बौं खर्च भएका छन् । गरिबहरु बिरामी हुँदा सिटामोल नपाएर मरेका छन् र कतिपयहरु काम र माम नपाएर सके अन्यत्र नसके भारतमा भरियासम्म बन्न पनि पुगेका छन् ।

विदेशीले नेपालीको नाममा दिएका ऋणको दुरुपयोग गरिएको छ र कमिसन तथा भ्रष्टाचार भएका छन् । नेताहरु विदेशीको ऋण नेपालीको टाउकोमा थपेर विकास गरेको भन्दै त्यसमा पनि कमिसन लिएर नराम्रो काम गर्दै हामीलाई मूर्ख पनि बनाइरहेका छन् । सावधान !

*(लेखक पौडेल वरिष्ठ अधिवक्ता हुनुहुन्छ ।)*

# सुवास गदालको सांगीतिक यात्रा



*काठमाडौं- कलाकारिता क्षेत्रमा लामो समयदेखि संघर्ष गर्दै आएका सुवास गदाल कलाकारिता क्षेत्रका एक प्रतिभाशाली व्यक्ति हुन् । उनले नेपालका थुप्रै सिरियलमा अभिनय र निर्देशन गर्दै आएकाछन् । उनी आफै भिडियो निर्देशन,क्यामेरा म्यान समेत रहेका छन् । गीत सङ्गीतबाट कलाकारिता क्षेत्रमा पाइलो टेकेका गदाल पछिल्लो समयका लोकप्रिय सर्जक तथा गायकको रूपमा पनि परिचित छन् ।*

*गीत सङ्गीत र कलाकारिता पेसालाई कर्म थलो बनाउँदै आएका गदालका पछिल्लो समय निकै लोकप्रिय गीत र सिरियलहरि बजारमा आएका छन् । भने कति सिरियल र कति गीतले इतिहास समेत रच्न सफल भकाएका छन् ।उनै लोकप्रिय कलाकारसँग जन आकाश मिडियाका समदाता बिनोद कार्कीले गरेका कुराकानी हामीले यस अङ्कमा यसरी प्रस्तुत गरेका छौं ।*

**गीत सङ्गीत भनेको के-हो तपाईंको बिचारमा ?**

गीत सङ्गीत भनेको मेरो बिचारमा मनोरञ्जन गर्ने ठाउँ हो जस्तो लाग्छ सङ्गीत हरेक मानिसलाई चाहिन्छ जस्तो लाग्छ ।

**गीत कसरी सिर्जना गर्नुहुन्छ ?**

गीत लेख्ने तरिका प्रत्येक सर्जकको आफ्नै तरिका हुन्छ । मेरो अनुभवमा, मैले धेरै पटक यात्रा गर्दा वा एकान्तमा बसेर गीत लेख्ने बारेमा सोचिरहेको हुन्छु । यात्रा गर्दा विभिन्न अनुभव र दृश्यले मलाई प्रेरित गर्छ । त्यसपछि, म ती अनुभवलाई कल्पनामा डुबाउँछु र त्यही कल्पना अनुसार गीतका शब्दहरू आउँछन् । ती शब्दहरूलाई खेलाउँदै सङ्गीत भर्नै गर्दछु ।

**तपाईँको गीत सङ्गीतको यात्रा कसरी सुरू भयो ?**

मेरो गीत सङ्गीतको यात्रा गाउँघरबाट नै सुरु भएको हो । गाउँमा उकाली ओराली, घाँस दाउरा, मेलापात गर्दा रेडियोमा बज्ने गीतहरू म सधैं सुन्थेँ र गुनगुनाउँथेँ । सानो छँदा गायक बन्ने ठुलो चाह थियो, र यही चाहले मलाई काठमाडौंको यात्रामा ल्यायो । काठमाडौं आएर, मैले थुप्रै गीतहरू रेकर्ड गरे । पहिला सिडीको जवाना थियो अहिलेको जस्तो युटुयूबको जवाना थिएन । कठिन परिस्थितिमा पनि मैले निरन्तर गीत सङ्गीतमा लागि रहे अहिले मेरा केही गीतले साङ्गीतिक बजारमा चर्चा समेत कमाएका छन् ।

**भोलिका दिनमा कस्ता प्रकारका सिर्जनाहरू बजारमा ल्याउनु हुन्छ ?**

भोलिका दिनको विशेष योजना खासै छैन, तर मेरो कर्म भने निरन्तर जारी रहनेछ । कलाकारिता मेरो केवल रहर मात्र होइन, मेरो कर्म थलो पनि हो । मैले यसै क्षेत्रबाट आफ्नो जीवनयापन गर्दै आएको छु । नयाँ सिर्जनाहरूको योजना भने हाम्रो भइरहेको छ ।

# सरकारी वकिलहरूको जिकिर

**काठमाडौं–** विशेष अदालतमा बयानका क्रममा नेपाल वायुसेवा निगमका तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकारले 'स्टिकर फेरेको भरमा विमानको क्षमता थपघट गर्न सकिन्छ' भन्ने विवादास्पद अभिव्यक्ति दिए ।

सरकारी वकिलहरूको टोलीले त्यसलाई नै भ्रष्टाचारको महत्त्वपूर्ण आधार र प्रमाण मान्नुपर्ने लिखित दलिल पेस गरेका छन् । विशेष सरकारी वकिल कार्यालयका प्रमुख मोहन सागर बस्याल, उपन्यायाधिवक्ता प्रकाश शर्मा पौडेल लगायतको टोलीले बहस गर्दै खरिदको योजना बनाउनेदेखि भुक्तानी गर्नेसम्मको प्रक्रियामा भ्रष्टाचार भएको जिकिर छ ।

आठ वर्षअघिको बहुचर्चित वाइडबडी विमान खरिद मुद्दामाथि बहस गर्दै सरकारी वकिलहरूले प्रचलित कानुनको उल्लंघन गरी कम क्षमताको विमान खरिद भएकाले भ्रष्टाचार भएको जिकिर गरेका छन् ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर सहित सदस्यहरू तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले गत सातादेखि वाइडबडी भ्रष्टाचार मुद्दामा सुनुवाइ गरिरहेको हो । सरकारी पक्षको बहस सुनेर आरोपितहरूको प्रतिवाद सुन्न थालेको विशेष अदालतले सम्भवतः अर्को सातासम्ममा वाइडबडीको मुद्दा टुंग्याउनेछ ।

गतसाता तीन दिन सरकारी वकिलहरूले आरोपका बारेमा बहस गरे । उनीहरूले कानुनको पालना नभएको, प्रक्रिया मिचेर कम क्षमताको विमान खरिद भएको र भुक्तानी प्रक्रिया समेत पारदर्शी नभएको जिकिर गरे । उनीहरूले विशेष अदालतमा पेस गरेको बहस नोटमा ६ वटा विषयवस्तु प्रस्तुत गर्दै त्यसका आधारमा भ्रष्टाचार भएको निष्कर्ष निकाल्ने सकिने जिकिर गरेका छन् ।

सार्वजनिक खरिद ऐन अनुसार, विमान खरिद गर्नुपर्नेमा नेपाल वायुसेवा निगमले बोलपत्रसम्बन्धी प्रावधान नै नभएको आर्थिक विनियमावलीका आधारमा विमान खरिद गरेकाले त्यो त्रुटिपूर्ण हुने सरकारी वकिलहरूको जिकिर छ । सार्वजनिक खरिद ऐनले पुरानो (सेकेन्ड ह्यान्ड) सामान खरिदको परिकल्पना नगरेकाले त्यसविपरीत एक हजार घण्टा उडेको विमान खरिद गर्नु गलत हुने उनीहरूको जिकिर छ । त्यसमाथि निगमले मागपत्र (रिक्वेस्ट अफ प्रपजल-आरएफपी) का आधरामा विमान खरिद प्रक्रिया अघि बढाएका थिए । सरकारी वकिलहरूले बहस नोटमा भनेका छन्, 'विमान खरिद मालसामानको वर्गमा पर्ने खरिद भएकोले परामर्श सेवामा प्रयोग हुने मागपत्र मालसामान खरिदको कार्यमा प्रयोग गर्न मिल्दैन ।'

नेपाल वायुसेवा निगमले विमान खरिदका लागि विना बैंक जमानत बापत ७९ मिलियन अमेरिकी डलर भुक्तानी गरेको थियो । अख्तियारले आरोपपत्रमा त्यसरी भएको भुक्तानीलाई गैरकानुनी भनेको छ । मोलमोलाइबाट कुनै पनि सामान खरिद गर्ने व्यवस्था नभएकोमा निगमले कानुनमै नभएको विधिबाट मूल्य निर्धारण गरेकोमा समेत प्रश्न उठेको हो ।

नेपाल वायुसेवा निगमका महाप्रबन्धक सुगतरत्न कंसाकार नेतृत्वको टोलीले २४२ टन क्षमताको विमान खरिदको निर्णय गरी पछि २३० टन क्षमताको विमान ल्याएको थियो । उडान भर्दाको अधिकतम भारवाहन क्षमता (म्याक्सिमम टेक अफ वेट-एमटीओडब्लू) घटाउँदा विमानले कम इन्धन बोक्नसक्ने र त्यसले लामो दुरीको उडान गर्न नसक्ने समस्या देखिएको भनी निगमका क्याप्टेन श्रवण रिजालले बयान गरेका थिए ।

तर, निगमका तत्कालीन महाप्रबन्धक कंसाकारले विमानको क्षमता घटबढ गर्न एउटा पेचकिला पनि परिवर्तन गर्नु नपर्ने बरु विमानको टायरमा टाँसिने स्टिकर फेरबदल गरे पुग्ने' विवादास्पद अभिव्यक्ति दिएका थिए । तर एयरबसले निगमलाई इमेल पठाएर त्यसको खण्डन गरेको छ । विशेष सरकारी वकिलको कार्यालयले त्यसलाई भ्रष्टाचार पुष्टि हुने महत्त्वपूर्ण आधारको रूपमा विशेष अदालतमा बहसनोट पेस गरेको छ ।

विमानको क्षमता घटाउन सम्झौता संशोधनको स्वीकृति दिने उपसमितिमा सञ्चालक समितिका सदस्यहरू शिशिरकुमार ढुंगाना (तत्कालीन सहसचिव), बुद्धिसागर लामिछाने (निलम्बित सहसचिव), टेकनाथ आचार्य र सुगतरत्न कंसाकार थिए ।

त्यसलाई तत्कालीन पर्यटन सचिव शंकरप्रसाद अधिकारी अध्यक्ष रहेको समितिले अनुमोदन गरेको थियो । उक्त समितिमा बुद्धिसागर लामिछाने, शिशिरकुमार ढुंगाना, टेकनाथ आचार्य, मुक्तिराम पाण्डे, निमा नुरु शेर्पा र महाप्रबन्धक कंसाकार सदस्य थिए । सरकारी वकिलहरूले बहस नोटमा भनेका छन्, 'सोही खरिद कारबाहीबाट नेपाल वायुसेवा निगमलाई गैरकानुनी हानि पुगेको देखियो ।'

उडान भर्दाको अधिकतम भारवाहन क्षमता २४२ टन हुनुपर्नेमा २३० टनको मात्रै क्षमता भएको विमान खरिद भएको अख्तियारको दाबी छ । क्षमता घटाउदा विमानको मूल्य भने नघटाई निगमलाई नोक्सानी पुर्‍याएको अख्तियारको दाबी हो ।

खरिद सम्झौतामा वाइडबडी विमानको उडान भर्दाको अधिकतम भारवहन क्षमता (म्याक्सिमम् टेक अफ वेट-एमटीओडब्लू) २४२ टन हुनुपर्ने उल्लेख थियो । तर निगमले २३० टन क्षमताको विमान ल्यायो । कम क्षमताको विमानले एक त कम तौल बोकेर विमान उड्छ । अर्कोतर्फ इन्धन राख्ने ट्यांकी सानो हुँदा लामो दूरीको उडान भर्न नसक्ने अवस्था हुन्थ्यो । यही कारणले गर्दा नेपाल वायुसेवा निगमका दुई वाइडबडी विमानहरूले लामो दूरीका गन्तव्यहरूमा उडान गर्न सक्दैनन् ।

यसबारे प्रश्न उठेपछि पर्यटन मन्त्रालयले सहसचिव लामिछानेको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिले सिड्नी-काठमाडौं सेक्टरका लागि २४२




आवश्यक नपर्ने भनी विवरणपत्र तयार पारेको थियो ।

'ट्रन्सएटलान्टिक (एटालान्टिक महासागर वारपार) का लागि मात्रै २४२ टन भएका विमानहरू उपयुक्त हुने भन्दै उसले अरू सेक्टरका लागि प्राविधिक र आर्थिक दृष्टिकोणबाट २३० टनको विमान नै उपयुक्त हुने निष्कर्ष निकालेको हो । अख्तियारले यही विषयलाई भ्रष्टाचारको प्रमुख आधार बनाएको हो ।

२२ चैत, २०८० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वाइडबडी विमान खरिदमा भ्रष्टाचार भएको दाबी सहित तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाही, नेपाल वायुसेवा निगमका सञ्चालक समिति अध्यक्ष एवं पर्यटन सचिव शंकरप्रसाद अधिकारी, निगमका महाप्रबन्धक कंसाकार लगायत विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

कंसाकारले विमानको विशेष अदालतमा बयान गर्दै भारवाहन क्षमता घटाएका कारण नेपाल वायुसेवा निगमलाई कुनै नोक्सानी नभएको जिकिर गरेका थिए । उनले विमानस्थलको क्षमता, उड्डयन र अवतरण शुल्क अनि विमानले तय गर्ने रुटका कारण पनि कुनै नोक्सान नभएको दाबी गरे । विमानस्थलको भौगोलिक अवस्थितिले भारवाहन क्षमतामा असर पर्ने भन्दै उनले २४२ टन क्षमताको जहाज नेपालमा आवश्यक नभएको बताए ।

सुरक्षाका कारण जुनसुकै विमानले पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट २१० टन (एमटीओडब्लू) भन्दा बढी तौल लिएर उडान भर्न नसक्ने तर्क गरे । साथै नेपालका कुनै पनि विमानस्थलले २४२ टन क्षमताका विमानहरूले उडान भर्न नसक्ने उनको जिकिर छ ।

'नेपालमा सञ्चालन रहेका अन्तर्राष्ट्रिय विमानस्थलबाट पनि २४२ टनको विमानले उडान गर्न सक्ने अवस्था नै छैन,' उनले भनेका छन्, 'तसर्थ २३० टन (क्षमता) भन्दा बढीको हाल नेपालका लागि अनावश्यक रहेको प्रष्ट छ ।' नेपालमा उडान भर्ने दर्जनौं विमानहरू अधिकतम (एमटीओडब्लू) २४२ टन क्षमताका छन् ।

वढी क्षमताका विमान अवतरण र उडान गर्दा विमानस्थलमा बढी शुल्क तिर्नुपर्ने भन्दै उनले २३० वा २४२ टन क्षमताले कुनै फरक नपर्ने बयान गरेका छन् । उनले निगमले चाहेमा जुनसुकै बेला क्षमता बढाउने गरी विमानको प्रमाणीकरण गर्न सकिने दलिल अहिले विवादको घेरामा छ ।

विशेष अदालतमा उनले बयान गर्दै भनेका छन्, ' उक्त विमानको क्षमता कति हुने भन्ने कुरामा विमानको भौतिक संरचनामा कुनै अन्तर नभई केवल उत्पादक कम्पनीले कति प्रमाणिकरण गर्ने भन्ने कुरा मात्र हो ।' सरकारी वकिलको टोलीले उनको बयानमाथि गम्भीर रूपमा प्रश्न उठाएको छ ।

अख्तियारले उनीहरूमाथि एक अर्ब ४७ करोड रुपैयाँ भ्रष्टाचार गरेर हानिनोक्सानी पुर्‍याएको निष्कर्ष निकालेको थियो । बदनियतका साथ काम गरेको आरोपमा अख्तियारले तीन विदेशी नागरिक सहित पाँच कम्पनी र तिनका प्रतिनिधि विरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको थियो ।

अख्तियारले वाइडबडी विमान खरिदमा संलग्नहरूमाथि कानुन विपरीतको काम गरी कम क्षमताको विमान खरिद गरेको आरोप लगाएको थियो । सार्वजनिक खरिद ऐन र नियमावली विपरीत विमान खरिद सम्झौता गरी अस्वाभाविक रूपमा लागत स्टिमेट बढाएको, अनि बैंक जमानत विना नै प्रतिबद्धता शुल्क भुक्तानी गरेको आरोप उनीहरूमाथि थियो ।

वार्ताको माध्यमबाट विमान सम्झौता अनि सम्झौतापछि पनि लगातार मूल्यवृद्धि हुने भनी कानुन विपरीत सम्झौताभन्दा बढी रकम भुक्तानी भएको थियो । अख्तियारले कम क्षमताको विमान खरिद भएको आरोप लगाएको थियो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १४, २०८१ साल मंसिर ४ गते मंगलबार (Nov 19, 2024)

# 'द किङ्सबरी'मा भित्रिँदै क्यासिनो व्यवसायी धिताल



**काठमाडौं–** झापाको बिर्तामोडस्थित ५ तारे होटल किङ्सबरीमा साझेदारको रुपमा क्यासिनो व्यवसायी रवि धिताल भित्रिने भएका छन् । उनी ४० प्रतिशत स्वामित्वसहित होटलमा साझेदारको रुपमा भित्रिने भएका हुन् ।

होटलका अध्यक्ष प्रकाश गोतामेले धिताललाई साझेदार बनाउने कुरा लगभग टुंगो लागेको बताए । होटलको चेन विस्तार गर्ने योजना रहेका कारण साझेदार भित्र्याउन लागेको उनको भनाइ छ ।

'हामी पूर्वमै द किङ्सबरीको अर्को विङ्स थप्ने व्यावसायिक योजनामा छौं । त्यही कारण होटलमा साझेदार भित्र्याउन लागिएको हो,' अध्यक्ष गोतामेले बिजमाण्डूसँग भने, 'हामीले साझेदारको रुपमा भित्र्याउन क्यासिनो व्यवसायी रवि धितालसँग कुरा गरिरहेका छौं । डिल करिब टुंगो लाग्ने चरणमा छ । केही दिनमै सबै कुरा फाइनल हुन्छ ।'

धितालले विभिन्न तीन वटा क्यासिनो सञ्चालन गर्दै आएका छन् । 'द किङ्सबरी'का साथै मेचीनगरको उडान एचएमसी एण्ड क्यासिनो र भैरहवाको टाइगर प्यालेसको क्यासिनो सञ्चालन गर्ने धिताल हुन् ।

'धितालजी होटल क्षेत्रसँग चिरपरिचित भएकाले साझेदारी गर्न लागिएको हो,' गोतामेले भने । उनले पूर्व क्षेत्रमा होटलको चेन खोल्ने योजना रहेको भने पनि ठाउँ भने टुंगो लागेको छैन । होटलको व्यवस्थापन अध्यक्ष गोतामे आफैंले हेर्दै आएका छन् ।

'अढाइ अर्बको लागतमा क्यासिनोसहित द किङ्सबरीको विङ्स विस्तारको योजनामा छौं । त्यसका लागि कुन ठाउँ उपयुक्त हुन्छ भनेर पहिचान गर्ने काम भइरहेको छ,' उनले भने, 'डेढ वर्षभित्रै नयाँ विङ्स सञ्चालनमा ल्याउने तयारी छ । त्यसैले ठाउँको चाँडै नै टुंगो लगाएर काम सुरु गर्छौं ।'

'द किङ्सबरी' ४ वर्ष अगाडि सञ्चालनमा आएको हो । होटलमा अहिले ८६ कोठा छन् । होटलमा खासगरी भारतीय पर्यटक आउने गरेका छन् । क्यासिनोसहित सञ्चालित होटलमा अहिले करिब ५०० जनाले रोजगार पाएका छन् ।

'पर्यटक राम्रै संख्यामा आउने गरेका छन् । अहिलेको कोठाले नपुगेका कारण थप ८० कोठा बढाउन काम अगाडि बढाइसकेका छौं,' गोतामेले भने, 'यसका लागि ७० करोड रुपैयाँ खर्च हुने अनुमान छ । कोठा विस्तारपछि रोजगारी पनि बढ्नेछ ।'

दुई अर्ब रुपैयाँभन्दा बढी लागतमा निर्माण गरिएको होटल डेढ रोपनी क्षेत्रफलमा छ । यो होटलसँग अहिले पाँचवटा भवन छन् ।

होटलमा अल डे डाइनिङ रेष्टुरेन्ट, हेल्थ क्लब, ५०० जना क्षमताको बैंक्विट हल, फाइन डाइनिङ रेष्टुरेन्ट, तीन वटा कन्फ्रेन्स हल, शाकाहारीहरुका लागि अलग्गै रेष्टुरेन्ट छन् । स्टेज प्रोग्रामका लागि होटलसँग दुई हजार मानिस क्षमताको खाली ठाउँ छ ।

# लक्ष्मी सनराइज बैंकले दिगोपनलाई अगाडि बढाउदै




**काठमाडौं–** लक्ष्मी सनराइज बैंकले नवौं आमन्त्रण गल्फ प्रतियोगिता काठमाडौंको गोकर्ण रिसोर्टमा शनिबार १६ नोभेम्बर २०२४ सम्पन्न गरेको छ ।

'स्विङ फर सस्टेनेबिलिटी' बिषयमा रही गरिएको उक्त प्रतियोगितले बैंकको शून्य कार्बन अवधारणा र हरित पहलहरुप्रतिको प्रतिबद्वतालाई जोड दिएको थियो । प्रतियोगिता पूर्व यस प्रतियोगितामा हुने सम्भावित सम्पूर्ण कार्बन उत्सर्जनको अध्ययन गर्दा उक्त कार्यक्रममा १ टन कार्बन (ज्ञ तयल ऋइद्दभ ऋष्ककष्यल) उत्सर्जन हुने र त्यसलाई परिपुर्ति गर्न ४५ वटा रूख वृक्षारोपण गरिनुपर्ने आकलन गरिएको थियो ।

यद्वपि बैंकले कुल १००० वटा रुख रोप्ने प्रतिबद्धता जनाएको छ । साथै हरेक सहभागीहरुलाई हरित तथा दिगो भविष्यको लागि आफ्नो व्यक्तिगत योगदान स्वरूप १-१ बिरुवा पनि प्रदान गरिएको थियो । एक दिने सो कार्यक्रममा १०७ गोल्फरहरुको सहभागिता रहेको थियो जसमा ८ महिला प्रतियोगीहरू थिए ।

सहभागीहरुले ३४ ह्यान्डिक्यापको साथ १८ होल स्टेबलफोर्ड ढाँचामा प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा विभिन्न क्षेत्रका कर्पोरेट लिडर, गोल्फ उत्साही तथा दिगोपनका अधिवक्ताहरुको उपस्थिती रहेको थियो ।

# नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभागबाट नेपाल टेलिकमलाई सम्मान पत्र प्रदान

**काठमाडौं–** आर्थिक वर्ष २०७९र८० मा सबैभन्दा बढी आयकर दाखिला गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याएकोले नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागबाट नेपाल टेलिकमलाई सम्मान पत्र प्रदान गरिएको छ ।

गत मङ्सिर १ गते राष्ट्रिय कर दिवस २०८१ को अवसरमा आयोजित एक कार्यक्रमका बिच नेपाल टेलिकमलाई उप प्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सम्मानित गर्नुभएको हो । नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले सो सम्मान ग्रहण गर्नुभयो ।

आन्तरिक राजस्व विभागले हरेक वर्ष मङ्सिर १ गते राष्ट्रिय कर दिवस मनाउँदै आएको छ भने सोही दिन उत्कृष्ट करदातालाई सम्मानित पनि गर्दै आएको छ ।




सो अवसरमा नेपाल टेलिकम सहित सबैभन्दा धेरै कर तिर्ने अन्य व्यक्ति र संस्थालाई सम्मानित गरिएको थियो ।

# गरिमा विकास बैंक लिमिटेडद्धारा 'Garima Road Race Competition –2081' आयोजना गरिने

**काठमाडौं–** गरिमा विकास बैंक लिमिटेडले १८औं वार्षिकोत्सवको अवसरमा मिति २०८१ मंसिर ८ गते शनिवार"Garima Road Race Competition–2081" आयोजना गर्दैछ ।

विकास बैंकले खुल्लातर्फ १० किलोमिटर र कर्पोरेट तर्फ ५ किलोमिटर दुरीको Road Race Competition–2081 आयोजना गर्न गईरहेको छ । दुवै विधा अन्तर्गत महिला र पुरुषतर्फ गरी कुल चारवटा प्रतिस्पर्धा हुनेछन् ।

खुल्लातर्फको १० किलोमिटर Road Race Competition–2081 मा इच्छुक व्यक्तिले प्रतिस्पर्धामा सहभागिता जनाउन सक्नेछन् भने कर्पोरेट तर्फको ५ किलोमिटर Road Race Competition–2081 मा संघ संस्थाका कर्मचारी तथा पदाधिकारीहरुले मात्र सहभागिता जनाउन सक्नेछन् ।

Garima Road Race Competition–2081 को महिला र पुरुषतर्फको गरी चारवटै प्रतिश्पर्धामा प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौ स्थान हाँसिल गर्ने प्रतिस्पर्धीहरुलाई क्रमशः रु. ७५,०००/-, रु. ६०,०००/-, रु. ४५,०००/-, रु. ३०,०००/- र रु. १५,०००/- नगद पुरस्कार प्रदान गरिने छ ।

Garima Road Race Competition–2081 प्रतिस्पर्धामा सहभागिता जनाउन इच्छुक व्यक्तिले मिति २०८१ मंसिर ५ गतेसम्ममा विकास बैंकको आधिकारिक वेभसाईट धधध.नबचष्बदबलप.अफ.लउ तथा आधिकारिक फेसबुक पेजमा वा विकास बैंकको केन्द्रीय कार्यालय लाजिम्पाट काठमाडौंमा सम्पर्क गरी नाम दर्ता गराउन सकिनेछ ।

निर्धारित सहभागी संख्या पुरा भएको अवस्थामा विकास बैंकले नाम दर्ता प्रक्रिया बन्द गर्न सक्नेछ । साथै, प्रत्येक बर्ष यस किसिमको प्रतिस्पर्धा आयोजना गर्ने विकास बैंकको योजना रहेको छ ।

२०८१ मंसिर ७ गते १८औं वार्षिकोत्सव मनाउन गईरहेको विकास बैंकले सो अवसरमा काठमाडौंमा Garima Road Race Competition–2081 सहित देशभर १८ वटा फरक-फरक कार्यक्रहरु समेत आयोजना गर्दैछ । विकास बैंकले विगत केही वर्षयता आफ्नो वार्षिकोत्सव कार्यक्रममा देशका सातवटै प्रदेशमा संस्थागत सामाजिक उत्तरदायित्वमुलक कार्यक्रहरुसंगै अन्य विभिन्न कार्यक्रमहरु आयोजना गरी वार्षिकोत्सव मनाउदैं आईरहेको छ ।

काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडले काठमाडौं उपत्यकाभित्र २२ सहित देशभर १२३ शाखा कार्यालय, १ एक्सटेन्सन काउण्टर र ५० वटा (ATM) मार्फत ग्राहकहरुलाई सेवा प्रदान गर्दै आईरहेको छ ।

# प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड र कुमारी क्यापिटल लिमिटेडबीच सम्झौता




**काठमाडौं–** प्रभु ग्रुप्स एण्ड कम्पनीज अर्न्तगतका प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड, प्रभु होल्डिङ्स् एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड, हाईड्रो होल्डिङ्स् एण्ड पावर डेभलपमेन्ट कम्पनी लिमिटेड, प्रभु स्टिल्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड गरी ४ वटा कम्पनीको मुख्य लगानीमा स्थापित प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड र कुमारी क्यापिटल लिमिटेड बीच आज शेयर निष्काशन गर्न सम्पूर्ण कार्य गर्ने गरी सम्झौता सम्पन्न भएको छ ।

यो सम्झौता भए सँगै प्रभु केवलकारको रु. ३० करोड बराबरको क्षएइ निष्काशन गर्ने कार्य अगाडी बढेको छ । प्रभु केवलकारको लगानीमा तीन वटा केवलकार परियोजनाहरु अगाडी बढेका छन् । जस मध्ये बुटवलमा भगवान गौतम बुद्धको कुलगुरु ऋषि कालदेवलको आश्रम र नुवाकोट गढी पाल्पा जाने सिद्धार्थ केवलकार परियोजना गत असोजदेखि व्यवसायिक रुपमा सञ्चालनमा आईसकेको छ ।

उक्त केवलकारबाट छोटो समयमा नै पचहत्तर भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकहरुले यात्रा गरि सकेकाछन् । प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड नै उक्त सिद्धार्थ केवलकार कम्पनीको मुख्य लगानीकर्ता कम्पनी हो । यो केवलकार बुटवल स्थित फुलबारी पार्क रहेको देउराली डाँडादेखि पाल्पाको नुवाकोटमा पुग्दछ । जहाँ राजा मणिमुकुन्द सेनको दरबार, संस्कृतिक डबली, कामना भैरवको मन्दिर, कर्णेल उजीर सिंहको शालिक लगायत विभिन्न पुरातात्विक सम्पदा समेत रहेका छन् ।

त्यस्तै, यस प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड कम्पनीको लगानीमा सुदुर पश्चिम स्थित बाजुरा जिल्लाको बडीमालिका मन्दिर र चितवनको ईच्छाकामना मन्दिरमा निकट भविष्यमा केवलकार बनाइ सञ्चालन गर्ने कम्पनीको तयारी रहेको छ ।

यस कम्पनीले जलविद्युत, कृषि, पर्यटन, विभिन्न उत्पादन मुलक उद्योग र साहासिक पर्यटनमा समेत लगानी गर्दै दोस्रो बजारमा राम्रो उपस्थिति जनाएको छ ।

प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडको क्षएइ निष्काशनको लागि बिक्री प्रबन्धक नियुक्ति सम्बन्धि उक्त सम्झौता पत्रमा प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडका अध्यक्ष भोज कुमार खड्का र कुमारी क्यापिटल लिमिटेडको तर्फवाट प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गर्दा विभिन्न ब्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# नबिल बैंक आठौँ पटक सबैभन्दा बढी कर तिर्ने बैंकका रुपमा सम्मानित

**काठमाडौं–** नबिल बैंक लिमिटेड यो वर्ष पनि सबैभन्दा बढी कर तिर्ने बैंकका रूपमा सम्मानित भएको छ ।

सरकारले राष्ट्रिय कर दिवसको अवसरमा क्षेत्रगत रूपमा धेरै कर बुझाउने करदाताहरूलाई सम्मान गर्दै आएकोमा नबिल बैंक लिमिटेडले बैंक, वित्तीय संस्था र बिमा कारोबार क्षेत्रका तर्फ अहिलेसम्म आठ पटक यो सम्मान प्राप्त गर्न सफल भएको छ । यो वर्ष पनि आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी कर तिर्ने बैंकको रूपमा नबिल बैंकलाई प्रमाणपत्रसहित सम्मान गरिएको हो ।

शनिबार आन्तरिक राजस्व विभागमा भएको विशेष कार्यक्रममा बिच अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नबिल बैंकलाई पुरस्कृत गरेका हुन् । उक्त कार्यक्रममा नबिल बैंकको तर्फबाट वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्यले सम्मान लिएका छन् ।

नेपाल सरकारले हरेक वर्ष वित्तीय संस्थाहरू सहित विभिन्न विधाबाट सबै भन्दा बढी कर तिर्ने संस्था तथा व्यक्तिहरूलाई सम्मानित गर्दै आएको छ । यस अघि आर्थिक वर्ष २०६७/६८, २०७०/७१, २०७१/७२, २०७३/७४, २०७५/७६, २०७६/७७ र २०७७/७८ को विवरणको आधारमा पनि नबिलले सबैभन्दा बढी कर तिर्ने बैंकको सम्मान पाएको थियो ।

नबिल बैंक लिमिटेड नेपालको एक अग्रणी बैंक हो । यो बैंकले जिम्मेवार संस्थाको रूपमा समग्र देश तथा समाजको विकासमा योगदान गर्न प्रतिबद्ध रहेको जनाएको छब । नबिलले २४ लाख भन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २ सय ६८ शाखा र ३ सय २० एटिएम मेसिनहरूबाट सेवा प्रदान गर्दै आएको छ ।

नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेलेको नबिल नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाको रूपमा काम गर्दै आएको छ ।

# एनआरएनए उच्चस्तरीय समिति बैठकको अन्तिम तयारीमा: संयोजक घले

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए)को एकतासम्बन्धी उच्चस्तरीय समितिका संयोजक तथा पूर्वअध्यक्ष ,पूर्व प्रमुख संरक्षक शेष घलेले मंगलबारको बैठकको तयारी अन्तिम चरणमा पुगेको बताएका छन । घलेले मंगलबार तय भएको उच्चस्तरीय समितिको पहिलो बैठकका लागि सबै सदस्यलाई जानकारी गरिएको र आवश्यक एजेन्डा पनि तय भइसकेको बताए ।

उक्त बैठकमा घलेले ६ महिनाभित्र एकताको महाधिवेशन गर्नेगरी आफ्नो खाका पेस गर्नेछन भने लगत्तै कार्यविधि तयार गर्नका लागि आफ्नो योजना पनि पेस गर्नेछन ।

त्यस्तै सबै पक्षबिच एकताको आह्वान गर्दै सर्वोच्च अदालतको फैसलाअनुसार १० औं महाधिवेशन एकताको गर्नका लागि सकारात्मक पहलकदमी लिने गरी अघि बढ्ने घलेको तयारी छ । बैठकका लागि घलेले काठमाडौंमा उपलब्ध समितिका सदस्यका साथै प्रभावशाली अभियन्ताहरूसँग आवश्यक छलफल र परामर्श लिईरहेका छन ।

परामर्शका क्रममा घलेले विगतमा जे भएपनि अब एकताबद्ध एनआरएनएका लागि आफूले पहलकदमी लिने प्रतिबद्धता जनाएको एक अभियन्ताले बताए ।

पूर्वअध्यक्ष तथा समितिकी सदस्य रविना थापाले केही दिनअघि घलेसँग आफ्नो छलफल हुँदा उनी एकताका लागि गम्भीर रहेको पाएको बताइन ।

थापाले एनआरएनए एक बताउने विषयमा घले सहमत र सकारात्मक भएको पाएको उल्लेख गरिन । उनले भनिन, ‘ आशा गरौं एनआरएनए आईसीसी अब छिट्टै एकताको महाधिवेशनमा जानेछ ।’ यससँगै विदेशमा रहेका नेपालीहरूले स्वदेशमा सहज ढङ्गले लगानी गर्ने वातावरण थप सहज बन्ने उनको भनाइ छ ।

‘जसले गर्दा देशलाई पनि फाइदा पुग्नेछ । आफूले आर्जन गरेको मध्ये केही अंश आफ्नो मातृभूमिमा लगाउनु हामी सबैको कर्तव्य पनि हो’, थापाको भनाइ छ ।

विदेशमा रहेका सबै नेपालीको चाहना, भावना र अपेक्षा अनुसार एनआरएनएलाई अघि बढाउन सबै प्रतिबद्ध हुनुपर्ने उनको भनाइ छ ।

उनिमात्रै नभएर समितीका बद्री केसिबाहेकका अन्य १२ सदस्यहरु एकता महाधिवेशन सफल बनाएर एनआरएनएमा देखिएको बिबाद अन्त्य गर्ने पक्षमा रहेका छन ।

घलेले अघिल्लो मंगलबार विज्ञप्ति प्रकाशित गर्दै बालुवाटारस्थित संघको कार्यालयमै बैठक बस्ने जानकारी गराएका थिए । सोहीअनुसार बैठकमा सहभागी हुन केही सदस्य काठमाडौंमा आइसकेका छन भने आउन नसक्नेहरू भर्चुअल माध्यमबाट सहभागी हुनेछन ।

घले नेतृत्वको उच्चस्तरीय समितिमा १३ जना रहेका छन । जसमा सदस्यहरू डा उपेन्द्र महतो, जीवा लामिछाने, देवमान हिराचन, भवन भट्ट, राम प्रताप थापा, कुमारप्रसाद पन्त, विनोद कुँवर, उमेश कुमार पुडासैनी, जानकी गुरूङ, कुल आचार्य, डा बद्री केसी र रविना थापा रहेका छन ।

यता घलेले बैठक बोलाएसँगै बद्री केसी पक्षले भने आन्तरिक छलफललाई तीव्र बनाएको छ ।

सर्वोच्चको फैसलाअनुसार महान्यायाधिवक्ता कार्यालयले परराष्ट्रलाई पत्राचार गरेपछी परराष्ट्र मन्त्रालयको पत्राचारअनुसार बैठक राखिएकाले यसलाई कसरी हेर्ने र कुन रणनीतिका साथ अघि बढ्ने भनेर बद्री केसी पक्षले आन्तरिक छलफललाई तीव्र बनाएका हो ।

केही दिनअघिदेखि नै आन्तरिक छलफल गरेको केसि पक्षले शुक्रबार पनि आफू ईतरका आईसीसीको बैठक राखेको थियो ।

उक्त बैठकमा सर्वोच्चले चैत २१ र असार २२ मा दुई वटा फैसला गरेकाले दुबैलाई सँगै लिएर जानुपर्ने बारेमा छलफल भएको बद्री केसी पक्षका एक पदाधिकारीले बताए ।

एनसीसी र आईसीसीका पदाधिकारीसमेत जोडेर करिब ४१ जनाको हाराहारीको सहभागिता रहेको उक्त बैठकमा केही पदाधिकारीले त घलेलाई अफिसमा बैठक राख्न दिनै नहुने समेत बताएका थिए ।

यसरी घलेमाथि आक्रोश पोख्नेमा रामशरण सिम्खडा, हेमराज शर्मा, टिका गुरुङ, बिनोद श्रेष्ठ, र पारसमणि पोखरेल अगाडि देखिएका थिए ।

यस्तै रोजिना प्रधान राईलगायत पनि घलेप्रति सकारात्मक देखिएका थिएनन । उनीहरूले आफूहरू झुक्न आवश्यक नभएको दाबी गर्दै एकता महाधिवेशन भाड्ने बताएका थिए ।

तर, बैठकका सहभागी केहीले भने घले संघकै पूर्वअध्यक्ष भएकाले उनले नियत सफा राख्ने हो भने एकता गर्नुपर्ने धारणा राखेका थिए । समग्रमा घलेलाई सहयोग गर्न नहुनेबारे सो बैठकको निष्कर्ष रहेको बताइएको छ ।

यद्यपि सो समूहले घलेसँग आवश्यक परेमा छलफल गर्न बद्री र गौरीराज जोशीलाई अधिकार भने प्रत्यायोजन गरेको छ ।

यसैबीच समितिका सदस्य विनोद कुँवरले घलेले मंगलबार संघको बालुवाटार स्थित सचिवालयमा बस्नेगरी बोलाएको बैठकले एकताको आधार तयार हुने बताए । अब एकताको महाधिवेशन गर्न घले अघि बढिसकेको भन्दै उनले असहयोग गर्नेहरूलाई सबैले चिन्ने र एनआरएनए बिगार्ने को रहेछ भन्ने स्पष्ट हुने बताए ।

उनका अनुसार सर्वोच्च अदालतको चैत २१ मा भएको फैसलाले गठित उच्चस्तरीय समितिले गैरआवासीय नेपाली संघको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनौट लगायत सम्बद्ध सम्पूर्ण विवादको समाधान गरी एकतापूर्ण महाधिवेशन गर्न परराष्ट्र मन्त्रालयले गरेको पत्राचारको आधारमा उच्च स्तरीय समितिको पहिलो बैठक बोलाइएको बताए ।

जसअनुसार उक्त दिन बैठक दिउँसो ३ देखि ५ बजेसम्म बस्नेछ । यसअघि कात्तिक २१ गते परराष्ट्रमन्त्री आरजु राणा देउवाले सर्वोच्च अदालतको चैत २१ गतेको फैसला र मन्त्रालयले कात्तिक १ मा गरेको पत्राचारअनुसार गैरआवासीय नेपाली संघ को ६ महिनाभित्र एकता महाधिवेशन हुनुपर्ने बताएकी थिइन् ।

उनले एनआरएनए मिल्दा नै देश र समग्र एनआरएनएलाई फाइदा हुने धारणा समेत राखेकी थिइन् । मन्त्रीको मध्यस्ततामा समितिका सबै १३ जना सदस्यबिचको बैठकपछि घलेले एकताको बैठक बोलाएका हुन् ।

यता आरके शर्मा समूहले अदालतमा मुद्दा समेत दिएको छ । शर्माले आफूहरु एकताका लागि तयार रहेको तर बद्री केसिले अनाबस्यक कार्य गरेको बताए ।

## खेलकुद

# १३ वर्षपछि फुटबलमा अफगानिस्तानलाई हराउन नेपाल सफल



**काठमाडौं–** फरवार्ड जिलेस्पी जंग कार्की र रोहित चन्दको गोलमा नेपालले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा १३ वर्षपछि अफगानिस्तानलाई २-० गोल अन्तरले पकाठमाडौंः फरवार्ड जिलेस्पी जंग कार्की र रोहित चन्दको गोलमा नेपालले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा १३ वर्षपछि अफगानिस्तानलाई २-० गोल अन्तरले पराजित गरेको छ ।

नेपालले अफगानिस्तानविरुद्ध एएफसी च्यालेन्ज कप २०१२ छनोटमा भरत खवासको गोलमा नेपालले दशरथ रंगशालामा १-० गोल अन्तरले जित निकालेको थियो । त्यसपछि नेपालले अफगानिस्तानविरुद्ध दुई खेल खेलेको छ । साफका ती दुवै सेमिफाइनल २०११ र २०१३ को भेटमा अफगानिस्तानले बाजी मारेको थियो । काठमाडौंमा भएको अन्तिम भेटमा रोहितले दुईपल्ट पेनाल्टी प्रहार गरे पनि गोल गर्न नसक्दा नेपाल पराजित हुन पुगेको थियो ।

शनिबार ताजिकिस्तानको दुशान्बेमा भएको खेलमा नेपालले पहिलो हाफ गोलरहित बराबरी खेलेको थियो । दोस्रो हाफको सुरुवातमै जिलेस्पीले गोल गर्दै नेपाललाई अग्रता दिलाए । नेपालले अग्रता लिएपछि रक्षात्मक रुपमा बलियो प्रदर्शन गर्यो । खेलको ७८ औं मिनेटमा नेपालले अग्रता दोब्बर पार्यो । रोहित चन्दले राष्ट्रिय टोलीको लागि पहिलो गोल गर्ने क्रममा नेपाललाई २-० ले अघि बढाए ।

नेपाल पहिलो खेलमा घरेलु टोली ताजिकिस्तानसँग ४-० ले पराजित भएको थियो । नेपालले पछिल्लो दुई फिफा विन्डोमा खेल्न नपाएपछि यसपटक भने खेल्न पाएको थियो । अन्तरिम प्रशिक्षक नवीन न्यौपानेले पनि दोस्रो खेलमै जितको स्वाद चाखेका छन् । अब टोलीले मार्च २०२५ मा एसियन कप छनोटको तेस्रो चरण खेल्नेछ । यसका लागि समूह विभाजन डिसेम्बर ९, २०२४ मा हुनेछ । एन्फाले रिक्त रहेको प्रशिक्षक पदका लागि आवेदन प्रक्रिया अघि बढाइसकेको छ ।

नेपालले अफगानिस्तानविरुद्ध एएफसी च्यालेन्ज कप २०१२ छनोटमा भरत खवासको गोलमा नेपालले दशरथ रंगशालामा १-० गोल अन्तरले जित निकालेको थियो । त्यसपछि नेपालले अफगानिस्तानविरुद्ध दुई खेल खेलेको छ । साफका ती दुवै सेमिफाइनल २०११ र २०१३ को भेटमा अफगानिस्तानले बाजी मारेको थियो । काठमाडौंमा भएको अन्तिम भेटमा रोहितले दुईपल्ट पेनाल्टी प्रहार गरे पनि गोल गर्न नसक्दा नेपाल पराजित हुन पुगेको थियो ।

शनिबार ताजिकिस्तानको दुशान्बेमा भएको खेलमा नेपालले पहिलो हाफ गोलरहित बराबरी खेलेको थियो । दोस्रो हाफको सुरुवातमै जिलेस्पीले गोल गर्दै नेपाललाई अग्रता दिलाए । नेपालले अग्रता लिएपछि रक्षात्मक रुपमा बलियो प्रदर्शन गर्यो । खेलको ७८ औं मिनेटमा नेपालले अग्रता दोब्बर पार्यो । रोहित चन्दले राष्ट्रिय टोलीको लागि पहिलो गोल गर्ने क्रममा नेपाललाई २-० ले अघि बढाए ।

नेपाल पहिलो खेलमा घरेलु टोली ताजिकिस्तानसँग ४-० ले पराजित भएको थियो । नेपालले पछिल्लो दुई फिफा विन्डोमा खेल्न नपाएपछि यसपटक भने खेल्न पाएको थियो । अन्तरिम प्रशिक्षक नवीन न्यौपानेले पनि दोस्रो खेलमै जितको स्वाद चाखेका छन् । अब टोलीले मार्च २०२५ मा एसियन कप छनोटको तेस्रो चरण खेल्नेछ । यसका लागि समूह विभाजन डिसेम्बर ९, २०२४ मा हुनेछ । एन्फाले रिक्त रहेको प्रशिक्षक पदका लागि आवेदन प्रक्रिया अघि बढाइसकेको छ ।

# काठमाडौं महानगरले

## वर्गीकृत फोहर मात्रै व्यवस्थापन गर्ने



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले ३२ वटै वडाबाट फोहर वर्गीकरण गरेर व्यवस्थापन गर्ने भएको छ ।

काठमाडौं उपत्यकाको १८ स्थानीय तहमा उत्पादित फोहर ‘ल्याण्डफिल साइट’ बञ्चरेडाँडा लैजाँदा उक्त स्थानमा प्रदूषण बढ्नुको साथै फोहरमैला सङ्कलन ढुवानीमा खर्च बढ्ने भएकाले वर्गीकृत फोहरमात्रै व्यवस्थापन गर्ने तयारी गरेको कामपा वातावरण व्यवस्थापन विभागले जनाएको छ ।

यसका लागि कामपाले उत्पादकलाई बढी जिम्मेवार बनाउने तयारी गरेको कामपा वातावरण विभागका प्रमुख सरीता राईले जानकारी दिइन् । प्रमुख राईका अनुसार फोहरमैला व्यवस्थापन ऐन २०६८ तथा काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ अनुसार फोहरलाई स्रोतमै वर्गीकरण गर्नुपर्ने कानुनी व्यवस्था छ ।

हाल वडा नं ५, १०, २४, २५ र २६ मा स्रोतमै फोहर वर्गीकरण भइरहेको छ । अब छिट्टै अन्य वडामा पनि फोहर वर्गीकरण गरेर मात्रै व्यवस्थापन गर्ने तयारी कामपाको छ । स्रोतमा उत्पादित फोहरमध्ये २० प्रतिशत बञ्चरेडाँडामा लैजाने र बाँकी सेवा प्रदायकमार्फत व्यवस्थापन गर्ने तयारी कामपाले गरेको हो ।

प्रमुख राईने भनिन्, “एक स्थानमा उत्पादन भएको फोहर अर्को स्थानमा थुपारेर व्यवस्थापन हुँदैन । यसको सही व्यवस्थापनका लागि स्रोतमै वर्गीकरण गरी मात्रा घटाउनुपर्छ ।”

यसअघि भित्री नौ वडाबाहेक अन्यको फोहर निजी सङ्घसंस्थाले व्यवस्थापन गर्दै आएको थियो । अब सबै वडाको फोहर व्यवस्थापन सेवा प्रदायकमार्फत कामपाले गर्ने तयारी गरेको छ ।

हाल काठमाडौं उपत्यकाको १८ स्थानीय तहबाट दैनिक एक हजार छ सय मेट्रिकटन फोहर निस्कने गर्छ । साविकको सिसडोलमा व्यवस्थापन हुँदै आएको फोहर उक्त स्थान भरिएपछि विगत दुई वर्षदेखि बञ्चरेडाँडामा व्यवस्थापन गरिँदै आएको छ ।

# नेशनल लाइफ इन्स्योरेन्सको एजेन्सी कार्यालय उदघाटन



**काठमाडौं–** नेशनल लाइफ इन्स्योरेन्स कं. लि. घण्टाघरको संयोजनमा बीमा सचेतना कार्यक्रम तथा बरिष्ठ व्यवसाय प्रवन्धक दिपक बरालको नेतृत्वमा एजेन्सी कार्यालय उदघाटन सम्पन्न गरिएको छ ।

काठमाडौंको ज्याबाहालमा एक कार्यक्रमको आयोजना गरी नेशनल लाइफ इन्स्योरेन्स कम्पनिका क्षेत्रीय प्रबन्धक सुमोद थापाद्वारा रिवन काटेर कार्यक्रमको शुभारम्भ गरिएको थियो । कार्यक्रमलाइ अधिवक्ता इन्दिरा धमालाले स्वागत गरेकी थिइन ।

कार्यक्रम नेशनल लाइफ बागमती प्रदेश प्रमुख जयराम धितालको प्रमुख अतिथिमा भएको हो । प्रमुख अतिथिले बिमा क्षेत्रमा सफल कार्य गरीरहनु भएको तर बिगतमा सिन्धुलिवाट आइ सघर्श गरेर अगाडी बढनु भएको दिपक जिले शाखा कार्यालय स्थापना गरेर थप प्रगति गर्न सक्नुहुन्छ भन्ने भनाइ राख्दै बधाई तथा शुभकामना दिएका छन् ।

कार्याक्रममा सुमोद थापा, प्रशन्त कपाली, जयराम विडारी, सरिता महर्जन लगायतले शुभकामना राख्दै बधाई दिएका थिए ।

भरत दुलालद्वारा संचालन गरिएको कार्यक्रम सभ्य एवम भव्य रुपमा सम्पन्न भएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १४, २०८१ साल मंसिर ४ गते मंगलबार (Nov 19, 2024)

# पशुपतिनाथमा घुमाइयो श्रीचन्द्रविनायक तथा श्रीभैरवनाथ रथ



**काठमाडौं–** श्री चन्द्रविनायक तथा श्री भैरवनाथ रथलाई पशुपतिनाथ मूल मन्दिर क्षेत्रमा घुमाइएको छ । चन्द्रविनायकलाई पशुपतिनाथको छोरा हो भन्ने धार्मिक मान्यता पनि छ ।

यसै मान्यताका आधारमा चन्द्रविनायक जात्रालाई पशुपतिनाथ मन्दिर घुमाउने परम्परा बसेको काठमाडौं महानगरपालिका-७ का अध्यक्ष विमलकुमार होडाले जानकारी दिए । चन्द्रविनायकलाई पिता अर्थात् भगवान् पशुपतिनाथको दर्शन गराएपछि पशुपतिबाट चुच्चेपाटीसम्मका मूल चोकमा घुमाइएको जात्रा समन्वय समिति सदस्य राजु भारतीले जानकारी दिए ।

यो जात्रा पशुपतिनाथबाट चुच्चेपाटीसम्म महत्वकासाथ मनाइन्छ । पशुपतिनाथ अमालकोट कचहरीकाद्वारे रामकृष्ण डङ्गोलले कार्तिक शुक्ल पूर्णिमाका दिन शुक्रबार बिहान चन्द्रविनायक मन्दिरमा विशेष पूजा गरेपछि जात्रा सुरु भएको हो । त्यस दिन बेलुकी मन्दिर परिसरमा धुनी जगाइयो । धुनी जगाउन पशुपतिनाथ अमालकोट कचहरीले दाउरा उपलब्ध गराउने परम्परा छ ।

मार्गशीर्ष कृष्ण प्रतिपदामा दुवै रथलाई मन्दिर वरपर घुमाइ गङ्गाहिटीमा लगेर स्नान गराइएको थियो । स्नानपछि दुवै खटलाई त्यस दिन बेलुकी नै चारुमती बिहारमा लगेर बिसाइएको थियो । जात्रा करिब ३५० वर्ष पुरानो भएको विश्वास गरिन्छ । नेपाल सम्वत् ८०१ मा राजा भूपालेन्द्र मल्लले यो जात्राको सुरुवात् गराएको स्थानीयको भनाइ छ । श्री चन्द्रविनायक तथा भैरवनाथको रथयात्रा कार्तिक शुक्ल पूर्णिमा अर्थात् शुक्रबारदेखि सुरु भएको हो ।

जात्राको पहिलो दिन 'मलजा नकेगु' कुमार कुमारीको पूजा गरेर विनायकको प्रसाद खुवाइएको थियो । चन्द्रविनायक उपत्यकाका चार विनायकमध्ये एक हो । मार्गशीर्ष कृष्ण तृतीयाका दिन अमालकोट कचहरीका द्वारेले अबिर चढाएपछि जात्रा सम्पन्न हुन्छ । कार्तिक शुक्ल पूर्णिमाका दिन सुरु भएको जात्रा श्री चन्द्रविनायक र भैरवनाथलाई अबिर चढाएपछि मार्ग शीर्ष कृष्ण तृतीयाका दिन सकिने परम्परा छ ।

जात्रा सफलतापूर्वक समापन भएको खुसियालीमा चाबहिल क्षेत्रमा सिन्दूरजात्रा गर्ने परम्परा रहिआएको जनाइएको छ । जात्रा कार्तिक शुक्ल पूर्णिमामा चाबहिल क्षेत्रमा सुरु भएको थियो ।

प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमादेखि मार्ग शीर्ष कृष्ण तृतीयासम्म चार दिन पशुपति, जयवागेश्वरी, मित्रपार्क, चाबहिल र चुच्चेपाटी क्षेत्रमा चन्द्रविनायक जात्रा हर्षोल्लासका साथ मनाउने परम्परा भूपालेन्द्र मल्लका पालादेखि नै रहिआएको जनाइएको छ ।

# पूर्वसभामुख ढुङ्गानाको पार्थिव शरीर श्रद्धाञ्जलीका लागि सानो गौचरणमा



**काठमाडौं-** पूर्वसभामुख दमननाथ ढुङ्गानाको पार्थिव शरीर श्रद्धाञ्जलीका लागि ज्ञानेश्वरस्थित सानो गौचरणमा ल्याइएको छ । कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत पूर्वसभामुख ढुङ्गानाको बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा ८३ वर्षको उमेरमा आइतबार दिउँसो निधन भएको थियो ।

त्यसलगत्तै ढुङ्गानाको पार्थिव शरीर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालस्थित शव गृहमा राखिएको थियो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित विभिन्न राजनीतिक दलका नेता तथा समाजका विभिन्न क्षेत्रका व्यक्तिहरू अस्पतालमा आई उनीप्रति श्रद्धाञ्जली प्रकट गर्ने कार्यक्रम छ ।

अहिले सानो गौचरणमा सर्वसाधारणको बाक्लो उपस्थिति रहेको छ । सानो गौचरणमा श्रद्धाञ्जलीपछि पशुपति आर्यघाटमा उनको अन्त्येष्टि गरिनेछ । नेपाल सरकारले राजकीय सम्मानका साथ पूर्वसभामुख ढुङ्गानाको अन्त्येष्टि गर्ने निर्णय गरिसकेको छ ।

नेपालमा बहुदलीय व्यवस्था, लोकतन्त्र, शान्ति र मानवअधिकारका पक्षमा जीवनपर्यन्त वकालत गरिरहेका ढुङ्गानाले मुलुकमा विगतको माओवादी सशस्त्र द्वन्द्व अन्त्य गरी शान्ति बहाली गर्नसमेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

राजनीति क्षेत्रमा देखिएका विकृति र विसङ्गतिबारे स्पष्ट र खरो रूपमा प्रतिक्रिया दिँदै आएका उनी संविधान र कानुनका ज्ञाता थिए । विसं २०४८ मा काठमाडौं निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि उनी प्रतिनिधिसभाको सभामुख बनेका थिए ।

नेपालको संसदीय व्यवस्था र प्रजातान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्न उनको उल्लेखनीय योगदान छ ।

पृष्ठ १ बाट जारी

### सिमापार...

हराएका सीमास्तम्भ खोजीबारे पनि बैठकमा छलफल भएको जानकारी दिइएको छ ।

दुई वर्षअघिसम्म भारततर्फ सीमा कायम गर्ने दुई हजार ७१६ वटा सीमास्तम्भ गायब थियो । केही भेटिएर मर्मत गरिएको थियो । तर, अझै अधिकांशको खोजबिन हुन सकेको छैन । करिब एक हजार ६०० सीमास्तम्भ जीर्ण र करिब दुई हजार ९०० स्तम्भ सामान्य मर्मत गर्नुपर्ने अवस्थामा रहेका थिए । पछिल्लोपटक बिजोर अंकका स्तम्भ नेपाल र जोर अंक र ठूलो (जंगे) स्तम्भ भारतीय पक्षले मर्मत गर्ने सहमति भए पनि मर्मत कार्यले पूर्णता पाएको छैन । बैठकले सीमा सुरक्षालाई प्रभावकारी बनाउन र त्यसका लागि पिलर मर्मत र सुरक्षामा दुवै पक्षले सहकार्य गरेर अघि बढ्ने पनि सहमति भएको सशस्त्र प्रहरी प्रवक्ता थापाले बताए । उनले बैठकमा सीमा सुरक्षाका अतिरिक्त नेपाल-भारत सीमामा लागुऔषध ओसार पसार साना हतियार तस्करी, मानव बेचबिखन, अनौपचारिक व्यापार लगायतका विषयमा दुई संगठनले सहकार्य गर्दै आएका छन् । नेपाली सीमा सुरक्षा बल सशस्त्र झण्डै ३७ हजारको मध्य करिब १५ हजार जनशक्ति सीमामै खटिएका छन् ।

यस्तै, बैठकबाट ११ वटा साझा एजेण्डा अनुमोदन भएको छ । साझा एजेण्डामा दुवै पक्षबाट संयुक्त हस्ताक्षर रहेको प्रवक्ता थापाले बताए । बैठकले सीमा सुरक्षा समन्वय बैठक वर्षमा एक पटक आलोपालो हुँदै आएकोमा अबदेखि वर्षमा दुईपटक आलोपालो गर्ने सहमति पनि भएको छ । यसबाहेक तेस्रो देशका नागरिकको गैरकानुनी घुसपैठले निस्तेज पार्न दुवै सुरक्षा संगठन सहमत देखिएका छन् । यसअघि नेपालमा भारतीय बाटो हुँदै सयौंको संख्यामा रोहिञ्ज्या शरणार्थी आएका थिए । एक सय दिनअघि बंगलादेशमा त्यहाँको विद्यार्थी आन्दोलनले विस्थापित भएकाहरू पनि भारतको बाटो हुँदै नेपाल आएका थिए । यसलाई दुवै देशले समस्याको रूपमा स्वीकारेका छन् । तेस्रो देशका नागरिकलाई जसरी पनि रोक्न दुवै संगठनका प्रमुख तयार भएका छन् ।

नेपालमा म्यान्मारका रोहिन्ज्याबाहेक पाकिस्तानी अहमदिया, बंगलादेश, श्रीलंकासहित विभिन्न अफ्रिकी देशका शरणार्थीहरू छन् । सरकारले भुटानी र तिब्बतीलाई शरणार्थीलाई त दर्जा नै दिइसकेको छ । यसबाहेक नेपाल र भारतबीच घरिघरी बल्झिने सीमा समस्या हो । यसलाई सम्बोधन गर्न नेपालतर्फ सशस्त्र प्रहरीका २४४ स्थानमा सीमा सुरक्षार्थ बिओपी तैनाथ छन् । भारततर्फ ४०० भन्दा बढी स्थानमा एसएसबीका युनिट छन् ।

अब भने सशस्त्र प्रहरीले भारतीय एसएसबीलाई विपद्सम्बन्धी तालिम दिने भएको छ । सीमा क्षेत्रमा आगलागी र पानीजन्य प्रकोपको व्यवस्थापन तथा खोज उद्धारका लागि दुवै पक्षले संयुक्त रुपमा काम गर्ने सहमति भएको छ । हाल भइरहेको संयुक्त सीमा गस्तीलाई बढाएर काममा प्रभावकारिता बढाउने पनि सहमति भएको जानकारी गराइएको छ ।

पृष्ठ १ बाट जारी

### एल.पि ग्यास...

राष्ट्रपति पौडेलले कोप-२९ अन्तर्गत १२ नोभेम्बरमा सम्मेलनलाई सम्बोधन गरेको प्रवक्ता राईले जानकारी दिए । सम्बोधनका क्रममा नेपालले कार्बन उत्र्सजनमा नगण्य योगदान गरेको भएपनि जलवायु परिवर्तनका कारण सेता हिमाल काला पहाडमा परिणत भएको बताएको राईले बताए । सोही कारण नेपाल जलवायुजन्य विपतमा परेको विषय समेत राष्ट्रपति पौडेलले उठाएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

**छोरीलाई पनि छोरा सरह पढ्न पठाऔं**

## अन्तराष्ट्रिय

# भारतद्वारा पहिलोपटक हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण



**नयाँदिल्ली –** आणविक शक्ति सम्पन्न राष्ट्र भारतले पहिलोपटक हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरेको छ । प्रतिद्वन्द्वी चीनले आफ्नो नवीनतम सैन्य उड्डयन शक्ति प्रदर्शन गरेको केही दिनपछि भारतले उच्च प्रविधियुक्त शक्तिशाली हतियार परीक्षण गरेको हो ।

नयाँ प्रविधिमा आधारित हाइपरसोनिक्स क्षेप्यास्त्र जमिनदेखि कम दूरीमा उड्ने भएकाले बलिस्टिक क्षेप्यास्त्रको तुलनामा प्रहार गरेको पत्ता लगाउन कठिन हुन्छ । त्यसका साथै, हाइपरसोनिक क्षेप्यास्त्रहरू लक्षित गरिएको स्थानसम्म छिटो पुग्न सक्छन् र मध्य उडानमा नै लक्ष्य परिवर्तन गर्न आदेश दिन सकिन्छ ।

यसअघि अमेरिका, रुस, चीन र उत्तर कोरियासले हाइपरसोनिक क्षेप्यास्त्रको सफलतापूर्वक परीक्षण गरिसकेका छन् । अन्य केही देशले पनि यो प्रविधि विकसित गरिरहेका छन् ।

भारतीय रक्षामन्त्री राजनाथ सिंहले भारतले नयाँ सफलताका हासिल गरेको जनाउँदै यसमा योगदान पुऱ्याउने टोलीको प्रशंसा गरेका छन् । 'भारतले लामो दूरीको हाइपरसोनिक क्षेप्यास्त्रको सफलतापूर्वक उडान परीक्षण गरेर ठूलो कोसेढुंगा हासिल गरेको छ,' सिंहले विज्ञप्तिमा भनेका छन् ।

भारतले परीक्षण गरेको हाइपरसोनिक क्षेप्यास्त्र शनिबार पूर्वी तटको अब्दुल कलाम टापुमा खसेको भारतको डिफेन्स रिसर्च एन्ड डेभलपमेन्ट अर्गनाइजेसन (डीआरडीओ) ले सार्वजनिक गरेको श्रव्यदृश्यमा देखिन्छ । 'यो ऐतिहासिक क्षण हो र यस्ता उपलब्धिले हाम्रो देशलाई यस्ता महत्वपूर्ण र उन्नत सैन्य प्रविधिको क्षमता भएका राष्ट्रहरूको समूहमा राखेको छ,' सिंहले भनेका छन् ।

छिमेकी प्रतिद्वन्द्वी चीनले 'जे-३५ए' लडाकू विमान र आक्रमणमणका लागि प्रयोग हुने गरिने अत्याधुनिक ड्रोनको प्रदर्शनसहित विस्तारित उड्डयन क्षमता प्रदर्शन गरेको केही दिनपछि भारतले हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरेको हो । चीनको प्रदर्शनमा बलिस्टिक क्षेप्यास्त्र र हाइपरसोनिक 'ग्लाइड' क्षेप्यासत्र रोक्न बनाइएको 'एचक्यू-ज्१९' क्षेप्यास्त्र प्रणाली समावेश गरिएको थियो ।

# चिनियाँ राष्ट्रपति सी ट्रम्पसँग मिलेर अघि बढ्न तयार

**लिमा–** चिनियाँ राष्ट्रपति सी चिनफिङले अमेरिकाका आगामी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मिलेर अघि बढ्ने वाचा गरेका छन् । राष्ट्रपति सीले शनिबार अमेरिकी राष्ट्रपति जो बाइडेनसँगको भेटका क्रममा दुई देशबीचको तनाव कम गर्ने बताएका बीबीसीले जनाएको छ ।

पेरुमा आयोजित एसिया-प्यासिफिक इकोनोमिक कोअपरेसन (एपेक) को वार्षिक शिखर सम्मेलनको साइडलाइन बैठकमा सी र बाइडेनबीच कुराकानी भएको हो ।

बैठकका क्रममा दुई नेताहरूले बाइडेनको चार वर्षे कार्यकालमा चीन र अमेरिकाबीचको सम्बन्धमा उतारचढावपूर्ण भएको स्वीकार गरेका थिए । दुवै नेताले व्यापार र ताइवान जस्ता मुद्दाहरूमा तनाव कम गर्ने प्रगति भएकोमा जोड दिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपतिले ट्रम्पले चीनबाट आयात हुने सबै सामानमा ६० प्रतिशत कर लगाउने वाचा गरेका छन् । त्यसका साथै उनले चीनप्रति कडा नीति अख्तियार गनुपर्ने बताउँदै आएका कतिपय नेता तथा अधिकारीहरूलाई महत्वपूर्ण पदहरूमा नियुक्तिको घोषणा गरेका छन् ।

शनिबार बाइडेनसँगको भेटमा चिनियाँ राष्ट्रपति सीले बेइजिङ वासिङ्टनसँगको स्थिर सम्बन्धमा कायमै रहने बताएका छन् । 'चीन संचार कायम राख्न, सहयोग विस्तार गर्न र मतभेदहरू व्यवस्थापन गर्न नयाँ अमेरिकी प्रशासनसँग काम गर्न तयार छ,' सीले भनेका छन् ।

बीबीसीका अनुसार सीसँगको भेटमा बाइडेनले दुई विश्वव्यापी शक्तिहरूबीचको रणनीतिक प्रतिस्पर्धालाई युद्धमा धकेल्न नहुने बताएका छन् । 'यी दुई देशले कुनै पनि प्रतिस्पर्धालाई द्वन्द्वमा जान दिन सक्दैनन् । यो हाम्रो जिम्मेवारी हो र मलाई लाग्छ विगत ४ वर्षमा हामीले यो सम्बन्ध राख्न सम्भव छ भनेर प्रमाणित पनि गरेका छौं,' उनले भने ।

बाइडेनको कार्यकालमा अमेरिका र चीनबीचको सम्बन्ध पनि पटकपटक तनावपूर्ण बनेको थियो । खासगरी चीनले प्रयोग गरेको 'जासुसी बेलुन', ताइवान वरिपरि चिनियाँ सैन्य शक्ति प्रदर्शन र वरिष्ठ अमेरिकी अधिकारीको ताइवान भ्रमणले सम्बन्ध तनावपूर्ण बनेको थियो । चीनले स्वशासित टापु ताइवानमाथि आफ्नो दाबी गर्दै आएको छ ।

# नौबागेले लेखेको "सारा हासो" बोलको गीत सार्वजनिक



■ इनिस बुढाथोकी

**काठमाडौं-** सारा खुशी बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ । जन आकाश मिडियाका अध्यक्ष तथा पत्रकार मोहन कार्कीको प्रमुख आतिथ्यमा, संगीतकार तथा कलाकार माधव भण्डरी, वरिष्ठ भिडियो इडिटर प्रेम शर्मा पौडेलको विशेष अतिथि तथा सञ्चारकर्मीहरुको उपस्थितिमा कार्यक्रम गरी उक्त सारा हासो बोलको म्युजिक भिडियो बाग बजारको लम्साल साउलकुल रेष्टुरेन्ट मा प्रमुख अतिथिको हातवाट युटुबमा क्लिक गरी सार्वजनिक गरिएको हो ।

उक्त गीत विशेष गरेर लव परेका जोडीको बीचमा धोका दिएको देखाईएको छ । सारा हासो गीतको म्युजिक भिडियोमा लेखक बिजेन्द्र नौबागे आफैले अभिनय गरेका छन् । भने उनलाई अभिनयमा अस्मिता पुरी र दिलिप ढकालले साथ दिएका छन् ।

रुपक डोटेलले स्वर दिएर गीत अत्यन्तै मौलिक बनाएका छन् । भिडियो सम्पादन प्रेम शर्मा पौडेलले गरेका हुन् ।

कार्यक्रममा बोल्दै त्यस कार्यक्रमका प्रमुख अतिथि समेत रहेका मोहन कार्कीले उक्त म्युजिक भिडियो निर्माण गरी बजारमा ल्याउनुहुने टिमलाई शुभकामना दिएका छन् । उनले थप्दै भनेका छन् । गीत संगीत क्षेत्रमा सृर्जना चै अगाडी अगाडी तर प्रगति भने पछाडी परेको सुन्दा दुखः लागेको बताएका हुन् । उनले नेपाली संस्कृतिको जगेर्ना गर्नु सवै नेपालीहरुको उत्तिक्कै दाईत्व हुनुपर्ने पनि बताए नेपालीहरु संस्कृति, सस्कारमा निक्कै धनि रहेको छ । सवै जातजाति, भाषाभाषिहरुको सदभाव र एकताले नै देशको विकास गर्न सकिने धारणा पनि उनले राखेका हुन् ।

त्यसैगरी विशेष अतिथि तथा संगीतकार माधव भण्डारी र प्रेम शर्मा पौडेलले म्युजिक भिडियो अत्यन्तै राम्रो बनेकोमा प्रशंसा गर्दै शुभकामना दिएका छन् ।

कार्यक्रममा अभिनय गरेकी नायिका किन नआकी भनेर एकछिन हासो पनि चलेको थियो ।

उक्त गीतलाई एक्टिभ इन्टरटेन्टमेन्ट प्रा.लि. आफ्नो अफिसियल च्यानल मार्फत बजारमा ल्याएको छ ।

# "हरिबहादुरको जुत्ता"मा मुरलीधर मुख्य भिलेन



गायक समेत रहेका कलाकार मुरलीधरलाई दशैंमा रिलिज भएको फिल्म '१२ गाउँ'ले एकपटक फेरि चर्चामा ल्याएको छ । यसमा उनी नकारात्मक भूमिकामा प्रस्तुत भएका थिए । फिल्मले व्यावसायिक सफलता त पायो नै, उनको अभिनयलाई पनि दर्शकले रुचाए । अब उनी अर्को फिल्म 'हरिबहादुरको जुत्ता'मा आबद्ध भएका छन् । यसमा पनि उनी भिलेनकै भूमिकामा देखिनेछन् ।

आइतबार फिल्मका निर्माता सरोज वलीले मुरलीधरसँग लिखित सम्झौता गरेका हुन् । उनलाई मुख्य भिलेनमा अनुबन्धित गरिएको निर्माता वलीले जानकारी दिए । सम्झौताको क्रममा फिल्मका मुख्य कलाकार हरिवंश आचार्यसँग मुरलीधरको वर्षौंपछि भेट भएको थियो । उनीहरुबीच पहिलोपटक फिल्ममा सहकार्य जुरेको हो ।

मुरलीधरले २०७२ मा आएको 'भैरव'पछि करिब ८ वर्ष कुनै फिल्ममा काम गरेका थिएनन् । गत वर्ष प्रदर्शनमा आएको फिल्म 'काँडेतार'बाट उनको कमब्याक भएको हो । यसपछि उनले '१२ गाउँ'मा काम गरेका हुन् । यो फिल्मलाई उनले आफ्नो अभिनय करिअरको 'दोस्रो इनिङ' मानेका छन् । अब उनी निरन्तर फिल्म गर्ने योजनामा देखिन्छन् ।

दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको 'हरिबहादुरको जुत्ता'मा हरिवंश र मुरलीधरसँगै प्रकाश सपूत (गायक), स्वस्तिमा खड्का र प्रियंका कार्कीको पनि अभिनय रहनेछ । यसरी हेर्दा कलाकारको 'लाइनअप' रोचक देखिन्छ । यसमा पटकथा तथा संवाद लेखन हरिवंश आचार्य स्वयंको छ । आगामी माघ दोस्रो साताबाट काभ्रे जिल्लामा फिल्मको छायांकन हुने जनाइएको छ ।

# "बागी ४"ले उठाउला टाइगरको डुब्दो करिअर ?

अभिनेता टाइगर श्राफको बलिउडमा उदय जति सानदार रह्यो, 'डाउनफल' त्यतिक्कै अत्यासलाग्दो रुपमा भइरहेको देखिन्छ । ३ वर्षयता उनका एकपछि अर्को ठूलो बजेटमा बनेका फिल्म बक्स अफिसमा डुबिरहेका छन् । जसले गर्दा उनको 'मार्केट भ्यालु' घटेको मात्र छैन, करिअर नै संकटको अवस्थामा पुगेको छ । उनलाई लिएर फिल्म बनाउन समेत निर्माताहरु हच्किएका छन् ।

सन् २०१४ मा आएको फिल्म 'हिरोपन्थी'बाट डेब्यु हुँदा टाइगरको चर्चा उत्कर्षमा थियो । छरितो एक्सन, उम्दा नृत्य र सुगठित शरीरका कारण उनी 'एक्सन स्टार' कहलिए । 'बागी', 'वार', 'बागी २' जस्ता फिल्म पनि सफल हुँदा उनको करिअर थप उचाइँमा पुग्यो । तर, त्यो उचाइँमा उनी लामो समय टिक्न भने सकेनन् । अहिले उनको ओरालो यात्रा सुरु भएको छ ।

टाइगरले ठूलो आशा गरेका तीन फिल्म 'हिरोपन्थी २', 'गणपति' र 'बढे मियाँ छोटे मियाँ' नराम्रोसँग डुब्न पुगे । यी तीनवटै फिल्म ठूलो बजेटमा निर्माण भएका थिए । उनको विशेष




भूमिका रहेको तिहार रिलिज फिल्म 'सिंघम अगेन' समेत अपेक्षित रुपमा चल्न सकेन । जसले गर्दा उनको करिअरको सन्तुलन विग्रिएको छ । अब उनलाई एउटा जबर्जस्त हिट फिल्मको आवश्यकता देखिन्छ ।

सम्भवतः उनको हिट फिल्मको पखाई 'बागी ४'ले पूरा गर्न सक्छ । सोमबार यो फिल्मको निर्माण घोषणा गरिएको छ । फिल्मको घोषणासँगै सार्वजनिक पोस्टरमा टाइगर हिंसात्मक अवतारमा प्रस्तुत छन् । बाथरुमको कोमोडमा बसेका उनको शरीरभरि र भित्ताभरि रगतको छिर्का देखिन्छ भने एउटा हातमा धारिलो हतियार र अर्को हातमा मदिराको बोतल समातेका छन् । भुइँमा मान्छे ढलेका छन् । पोस्टरले फिल्म एक्सन-थ्रिलर हुने संकेत गर्छ ।

कन्नड निर्देशक ए हर्षको निर्देशनमा बन्न लागेको फिल्मलाई साजिद नाडियाडवालाले निर्माण गर्नेछन् । फिल्मको घोषणासँगै प्रदर्शन मिति पनि तोकिएको छ । यो फिल्म सन् २०२५ को सेप्टेम्बर ५ मा रिलिज हुनेछ । 'बागी'का यसअघि तीन श्रृंखला आइसकेका छन्, जसमध्ये पहिलो र दोस्रो भाग सफल रहे । तेस्रो श्रृंखला भने अपेक्षित चल्न सकेन । यद्यपि, फ्लप पनि भएन ।

# "सत्या" ट्रेलरमा प्रेम र एक्सन



यही मंसिर १४ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'सत्या'को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक साढे २ मिनेट लम्बाईको ट्रेलरमा प्रेम र एक्सनको मिश्रण देखिन्छ । पात्रहरुबीच टेण्डर हत्याउन भएको टकरावलाई ट्रेलरमा प्रस्तुत गरिएको छ ।

मिलन आले मगरको निर्देशनमा बनेको फिल्ममा राज कालाखेती, प्रिया शर्मा, करणसिंह बोहरा, विकास थापा मगर, वर्षा थिङ, सुमन खत्री, तेजा ऐर, ममता पौडेल लगायतको अभिनय छ । विकास थापा मगर फिल्मका प्रस्तुतकर्ता हुन् । ट्रेलर रिलिज कार्यक्रममा उनले 'सत्या' भरपूर रोमाञ्चक र मनोरञ्जक बनेको दाबी गरे ।

'सत्या'को निर्मातामा सुमन खत्री र झुम्कादेवी कालाखेती छन् । यसमा सुमनकुमार तण्डुकारको छायांकन, श्रवण सम्राटको लेखन, विकास चौधरीको संगीत, रामजी लामिछाने, सुरेश पाण्डे र सुरेन बसेलको कोरियोग्राफी तथा तारा थापा 'किम्भे'को सम्पादन छ ।

# विदेशमा "होस्टेल ३"को बढ्दो माग : अस्ट्रेलिया र न्यूजिल्यान्डमा पनि बिक्यो



आगामी फागुन १६ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'होस्टेल ३'को यतिबेला दोस्रो चरणको छायांकन चलिरहेको छ । ब्रान्ड नाम र कलाकारको लाइनअपका कारण निर्माण अगावैदेखि चर्चामा रहेको फिल्मको छायांकन नसकिँदै विदेशमा माग बढ्न थालेको छ । पहिलो चरणकै छायांकनमा जापान, मध्यपूर्वका देश र मलेसियामा फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको थियो ।

अब थप दुई देशमा फिल्म बिक्री भएको छ । ब्ल्याक आइ क्रियशन (राजु कान र सुदिन केसी)ले अस्ट्रेलिया र न्युजिल्यान्डका लागि फिल्मको प्रदर्शन अधिकार खरिद गरेको हो । फिल्मको बिक्री मूल्य भने खुलाइएको छैन । जापानका लागि भने युएनए इन्टरटेन्मेन्ट र मध्यपूर्व तथा मलेसियाका लागि आशिष इन्टरटेन्मेन्टले प्रदर्शन अधिकार खरिद गरेका छन् ।

सशान कँडेलको निर्देशनमा तयार भइरहेको 'होस्टेल ३'लाई 'होस्टेल' शृङ्खलाको महत्त्वपूर्ण तेस्रो कडीका रूपमा लिइएको छ । यसमा पारस बम, रिहान गिरी, पदम तामाङ, सिम्रन पन्त, हेना नगरकोटी, उमर खान, समा पराजुली, सन्तोष बानियाँ, रोहन श्रेष्ठ, आशिष पुरुष लगायतको अभिनय रहेको छ । यसको पहिलो र दोस्रो दुवै श्रृंखला बक्स अफिसमा सफल ठहरिएका थिए ।

'होस्टेल ३'मा माधव शर्माको लेखन छ भने कथा निर्देशक कँडेलकै हो । यसका डीओपी अर्जुन तिवारी हुन् भने सिनेमाटोग्राफी बुद्ध थापा र मनोज खत्रीले गरेका छन् । शङ्कर कोइराला कार्यकारी निर्माता रहेको फिल्ममा निर्माता कर्ण कार्की र गोविन्द अधिकारी तथा सह-निर्माताहरूमा सुधा मरहट्ठा, सुरेश कँडेल र अर्जुन सापकोटा छन्। लाइन प्रोड्युसर भने भेषराज गौतम हुन् ।

# "ह्रस्व दीघ" हेर्ने दर्शक भेट्न काठमाडौं आइपुगे गजनी भिलेन

शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'ह्रस्व दीर्घ'मा अभिनेत्री नीता ढुंगानाको बुबाको भूमिका निर्वाह गरेका भारतीय कलाकार प्रदीप रावत काठमाडौं आइपुगेका छन् । फिल्मले राम्रो ओपनिङ हासिल गरेपछि नेपाली दर्शकसँग भेट गर्न उनी श्रीमती कल्याणी (साउथ अभिनेत्री)को साथमा आइतबार साँझ ७:४५ बजे नेपाल एयरलाइन्सको विमानबाट काठमाडौं ओर्लिएका हुन् । उनलाई फिल्मको टिमले त्रिभुवन विमानस्थलमा स्वागत गरेको थियो ।

विमानस्थलबाट प्रदीप सीधै कमलपोखरीस्थित बिग मुभिजतर्फ लागेका छन् । त्यहाँ उनले 'ह्रस्व दीर्घ' हेरेका दर्शकसँग साक्षात्कार गर्नेछन् । उनी आफैंले पनि फिल्म हेरेका छैनन् । आइतबार साँझ नै उनले दर्शकसँग बसेर फिल्म हेर्ने जनाइएको छ । सोमबार बिहान पशुपतिनाथ मन्दिरको दर्शन गर्न लागेका उनले चारदिने नेपाल बसाईको क्रममा विभिन्न हल पुगेर दर्शकसँग भेट गर्नेछन् ।

प्रदीप यसअघि फिल्मको छायांकनका लागि गत पुषमा नेपाल आएका थिए । यसमा उनको महत्त्वपूर्ण भूमिका छ । उनको जेठी छोरीको भूमिकामा नीता ढुंगाना छिन् भने कान्छी छोरीको भूमिका गरिमा शर्माले निभाएकी छन् । फिल्ममा प्रदीपलाई देवधामको आदर्श पात्रको रुपमा चित्रित गरिएको छ । पर्याप्त 'स्क्रिन स्पेश' पाएका उनको अभिनय स्वभाविक नै लाग्छ ।

प्रदीपले हिन्दी, तमिल, तेलुगु, मलायलम, कन्नड, बंगाली, भोजपुरी लगायत विभिन्न भाषाका फिल्ममा काम गरेका छन् । उनलाई दर्शकमाझ चिनाएको फिल्म भने 'गजनी' हो । यसमा उनी नकारात्मक भूमिकामा देखिएका थिए । उनले साउथ स्टारहरु प्रभासदेखि अल्लू अर्जुनसम्मका फिल्ममा काम गरिसकेका छन् । उनले विभिन्न भाषाका गरी डेढ सय बढी फिल्म गरेका छन् ।

'ह्रस्व दीर्घ'ले प्रदर्शनको दुई दिन (शुक्रबार र शनिबार) राम्रो व्यापार गर्‍यो । अझ शनिबार दर्शकको ठूलो उछाल देखियो । कम शोका कारण कतिपय हलबाट दर्शकहरु टिकट नपाउँदा घर फर्किन बाध्य भएका थिए । केही हलले मध्यरातमा समेत फिल्म चलाए । दुई दिनमा फिल्मले २ करोड ग्रस व्यापार गरेको वितरक कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टले जनाएको छ । आइतबार पनि देशभर प्राप्त शोमा अकुपेन्सी सुखद् देखिन्छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १४, २०८१ साल मंसिर ४ गते मंगलबार (Nov 19, 2024)

# पावरफुल मोटरसहितको क्रसओभर जिकर एक्सको टेस्ट ड्राइभ : अनरोडसँगै अफरोडमा पनि उम्दा



**काठमाडौं–** 'सन् २०२१ मा स्थापित कम्पनीले २०२४ मा आफूलाई विश्वव्यापी बनाउन सक्छ भने निशंकोच त्यो चिनियाँ कम्पनी हुन्छ ।'

विद्युतीय सवारी (इभी) उत्पादन गर्ने कम्पनी हो भनेपछि माथिको उद्धरणलाई चुनौती दिनसक्ने सायदै कोही होलान् । चीनको मेनलाइनबाट सोझै युरोपेली बजारमा उपस्थिति जनाएको जिकरको रिसर्च एन्ड डेभलोपमेन्ट (आरएन्डडी) युनिट चीनको निङ्बो, ह्वान्जाउ र सांघाई हुँदै स्विडेनको गोथेनवर्गसम्म पुगिसकेको छ । आजको टेस्ट ड्राइभमा न्युयोर्क स्टक एक्सचेन्जमा लिस्टेड कम्पनी जिकरको एक्स लिएर आएका छौं ।

नेपाली सडकमा पछिल्लो समय नौलो डिजाइन र लोगो सहितको गाडी देखियो भने त्यो चिनियाँ इभी हो भन्न संकोच मान्नुपर्दैन । फाट्टफुट्ट सडकमा दौडिरहेको जिकर एक्स पनि तिनै चिनियाँ गाडीमा पर्छ जसले छोटो समयमा नै विश्वबजारमा बलियो उपस्थिति जनाउन थालेको छ । हामीले टेस्ट ड्राइभ गरिरहेको जिकर एक्स रेयर ह्विल ड्राइभमा आधारित क्रसओभर एसयूभी हो जसमा २ सय किलोवाट क्षमताको मोटर उपलब्ध छ ।

कोरियन कम्पनी हुन्डाईले आफ्नो इभी आयोनिक फाइभ नेपालमा अब १ सय किलोवाट मोटर क्षमतामा भित्र्याउन थालिसकेको छ । उत्पादकले तय गरेभन्दा कम मोटर क्षमतामा गाडी भित्र्याउने होडबाजीमा उत्रिएको आयोनिक फाइभ पछिल्लो कम्पनी हो । करको दरका कारण अधिकांश चिनियाँ इभी कम्पनीले नेपालमा १ सय किलोवाट भन्दा कम क्षमताका मोटर एसेम्बल गरेर पठाउन थालेका छन् । तर, जिकर एक्स यो दौडमा सामेल भइसकेको छैन । त्यसैले हामीले २ सय किलोवाट क्षमताकै इभी टेस्ट ड्राइभको अवसर पायौं ।

जिकर एक्सलाई कम्पनीले शहर केन्द्रित प्यासेन्जर भेहिकलका रुपमा अर्थ्याएको छ । तर, विश्वस्तरमा मापन गरिने सडकको मापदण्ड हाम्रो सन्दर्भमा कल्पनाभन्दा बाहिर नै छ । हाइवेको स्तरका रोड कुनै पनि बेला भर्खर ट्र्याक खोलेको सडकमा रुपान्तरण भए भने अनौठो मान्नु पर्दैन । पछिल्लो समय नागढुंगादेखि गल्छीसम्मको सडककै हालत हेर्‍यो वा वीपी राजमार्गको हालत हेर्‍यो भने - नेपाली सडकको औशत स्तर के हो बुझ्न कठिन छैन । त्यसैले अर्वन सेन्ट्रिक क्रसओभरलाई हामीले अफरोडतिरै हुइक्याउँने निधो गर्‍यौं ।

थापाथलीबाट हाम्रो यात्रा वाग्मती करिडर हुँदै विष्णुमती करिडरतिर मोडियो । त्यहाँबाट बालाजु बाइपास हुँदै मुड्खु भञ्ज्याङतिर सोझियो । त्यसपछि सुरु भयो अफरोड । पासाङ ल्हामु राजमार्गको हालत आफैंमा अफरोडको अनुपम नमुना भइहाल्यो । त्यसबाहेक ठाडै उकालो र साँघुरा ग्रामीण सडकमा पनि हामीले जिकरलाई कुदायौं ।

हामीले टेस्ट ड्राइभ गरिरहेको मोडलको गाडी ६ सेकेन्डभन्दा कम समयमा नै शून्नादेखि १ सय किलोमिटर प्रतिघन्टाको रफ्तार पक्डिन सक्ने रहेछ । तर, स्पिडको परीक्षण गर्ने कहाँ? हाम्रो सडकले यसखाले परीक्षणको सुविधा त दिन्न दिन्न, अझ सबैभन्दा सग्लो र उन्नत सडकमा अधिकतम रफ्तार तोकिएको छ - ५० किलोमिटर प्रतिघन्टा । यात्रुको रफ्तारलाई निषेध गरेर अर्थतन्त्रको गति हुइँक्याउने हाम्रो नीतिगत व्यवस्था आफैंमा व्यङ्ग्य हुँदै हो ।

तर, यो गाडी कुदाइरहँदा ती सबै सूचनाहरु एकीकृत भएर इन्ट्रुमिन क्लस्टरमा देखिने रहेछ । जस्तो कि अगाडि स्कुल छ भने त्यसको ट्राफिक सिग्नल इस्ट्रुमिन क्लस्टरमा देखाइहाल्ने । अगाडि मोड छ भने दायाँ होस् या वायाँ देखाइहाल्ने । सडकको स्पिड तोकिएको छ भने त्यो पनि देखाइहाल्ने । केही गरी तोकेको स्पिडभन्दा धेरै भयो भने ड्राइभ गरिरहेको व्यक्तिलाई अलर्ट गराउने ।

यहाँसम्म त ठीकै थियो- तर ड्राइभ गरिरहँदा डिस्प्लेबाट एसी कन्ट्रोल गर्न खोज्दा चेतावनी आइहाल्ने - ड्राइभिङबाट ध्यान अन्तै मोडियो, होसियार ! ओभरलोडेड फिचरमा सेफ्टीका लागि अत्याधीक सेन्सरको प्रयोग भएको रहेछ यसमा । त्यसैले कतिपय फिचर त ड्राइभरलाई अत्याउने खालका हुने - नेपालको सन्दर्भमा । जस्तो कि हामीले ड्राइभ गरेर गाउँको कच्ची बाटोको यात्रा गरिरहँदा नजिकैको झाडीलाई समेत सेन्सरले रिड गरेर अब्जेट भएको वार्निङ गरिहाल्ने - रातो इन्डिकेटर सहित । यो सुविधा राजमार्ग साच्चिकै राजमार्ग भएका ठाउँमा गज्जब भए पनि नेपालका सडकमा नसुहाउने रहेछ - किनकि यहाँका अधिकांश सडक भर्खर खुलेका ट्र्याकजस्ता न छन् ।

हामीले हिलाम्मे सडकदेखि उकालो र टर्निङहरुमा यो गाडीलाई लिएर गयौं । ती सबैमा यसको पर्फर्मेन्समाथि प्रश्न गर्ने ठाउँ नै रहेन । किनकि हामीले यात्राभर जति स्पिडमा ड्राइभ गरेको भए पनि सबैभन्दा तीब्र गतिमा रहने स्पोर्ट मोड चलाउनै पाएनौं । इकोनोमी मोड र नर्मल मोडले नै गाडीको पावर पुग्छ भने उकालोमा स्पोर्ट मोड किन प्रयोग गर्ने? गरे पनि त्यसको उपयोगिता शून्य ।

ब्याट्री क्षमता ६६ किलोवाट आवरको भएकाले लामो दुरीको यात्रामा यसको साथ बलियो हुने निश्चित रहेछ । तर, अफरोड र उकालो छ भने कुनै पनि विद्युतीय गाडीले दिने ब्याट्री पर्फर्मेन्स भने कमजोर हुन्छ नै । समथर सडक र उकालोओरालो कम छ भने कम्पनीले दाबी गरेजस्तो ४ सय ४० किलोमिटरको दुरी यसले तय गर्न सक्छ । तर, बाटो खराब छ भने त्यो दाबी सत्य हुन सक्दैन ।

जिकर एक्स ब्याक ह्विल ड्राइभ भएकाले हिलो बाटोमा पाङ्ग्रा चिप्लिने र फनफनी घुम्ने कम भयो । उकालोमा थप बलियो देखियो यसको क्षमता । मोटर शक्तिशाली भएपछि त्यो स्वभाविक पनि हुने नै भयो । त्यसमाथि यसको ग्राउन्ड क्लियरेन्स र टायरको आकारले पनि बलियो साथ दिएको छ । १ सय ९१ एमएम ग्राउन्ड क्लियरेन्स र १९ इन्चको टायर आकारले अफरोडमा यसको क्षमता अब्बल हुने नै भयो । ग्राउन्ड क्लियरेन्स जति छ त्यसले नेपालमा असहज बाटोमा निर्धक्क कुदाउन सघाउने नै भयो ।

पछिल्लो समय चिनियाँ इभीले इन्टेरियरलाई क्लिन र फ्युचरिस्टिक बनाइरहेका छन् । टच स्क्रिन मार्फत् नै सबै फिचर अपरेट हुने भएकाले ड्यास बोर्ड एकदमै क्लिन देखिन्छ । वायरलेस चार्जर र गाडीको ढोका खोल्ने वटनले गाडीलाई अरुभन्दा पृथक बनाएको छ । यसको फराकिलो सनरुफले प्यासेन्जर सिटमा बस्नेलाई फरक भाइब्स दिन्छ । यसको सनरुफ खोल्न भने मिल्दैन । चिनियाँ गाडीमा जापानी कम्पनी यामाहाको स्पिकर छ जसलाई कुनै पनि कोणबाट मात्र ध्वनी निस्कने बनाउन सकिन्छ ।

चीनियाँ कम्पनी । अमेरिकी स्टकमा लिस्टेड । युरोपमा डिजाइन र रिसर्च । वास्तवमै चिनियाँ कम्पनीले आफूलाई ग्लोबल ब्रान्ड बनाउन चुकेका छैनन् जसको नेपाली सडकमा असली टेस्ट ड्राइभ हामीले पूरा गरेका छौं । मूल्य ८५ लाख रुपैयाँ भएकाले यो गाडी केही महँगो अनुभूति हुनसक्छ ।

यो छोटो टेस्ट ड्राइभमा हामीले गाडीमा खासै कमजोरी देखेनौं । केही कमजोरी छ भने त्यो यसको मूल्य मात्र हो । कम्पनीले १ सय किलोवाट भन्दा कम क्षमताको मोटर समावेश गरेर यही गाडी नेपाल भित्र्याउने हो भने बजारमा यसले धेरै कम्पनीलाई टक्कर दिने चाहिँ निश्चित छ ।

## बीवाइडी ड्राइभ टु डिस्कभर




**काठमाडौं–** बीवाइडीको आधिकारिक वितरक साइमेक्स इन्कले हालै लन्च भएको बीवाइडी एट्टो ३-२०२४ भर्सनका लागि विशेष मिडिया टेस्ट ड्राइभ कार्यक्रम आयोजना गरेको छ ।

'बीवाइडी ड्राइभ टु डिस्कभर' नाम दिइएको यो कार्यक्रमले मिडिया प्रतिनिधिहरूलाई विभिन्न भू-भागमा ड्राइभ गर्दै नेपालको पहिलो स्पोर्टी इलेक्ट्रिक एसयूभीको विशेष क्षमताको अनुभव गराएको छ ।

काठमाडौंको नक्सालस्थित बीवाइडी शोरूममा आयोजना गरिएको यस कार्यक्रममा मिडिया प्रतिनिधि र अटोमोबाइलप्रेमीहरूको सहभागिता थियो । सहभागीहरूले बीवाइडी एट्टो ३-२०२४ को पर्फर्मेन्स, आरामदायी यात्रा र नयाँ प्रविधिलाई प्रत्यक्ष अनुभव गर्ने मौका पाएको कम्पनीले जनाएको छ ।

कार्यक्रममा अटोमोबाइल मिडियाका प्रतिष्ठित व्यक्तित्वहरूको पनि सहभागिता थियो । जसले काठमाडौंका व्यस्त सडकदेखि शिवपुरी भिलेज रिसोर्टसम्मको यात्रा पूरा गरेका छन् ।

बीवाइडी ड्राइभ टु डिस्कभरको रुट गाडीको बहुउपयोगी क्षमताहरू देखाउन डिजाइन गरिएको थियो । उक्त रुटमा सहरका सडक, उकालो र अफ-रोड बाटाहरू समावेश थिए ।

यात्रा बीवाइडी शोरूमबाट सुरू भएर भाटभटेनी, गैरीधारा, उत्तरढोका, लाजिम्पाट, महाराजगन्ज, हात्तीगौँडा, टोखा रोड, र शिवपुरी हाइवे हुँदै सुन्दर शिवपुरी संरक्षण क्षेत्रबाट शिवपुरी भिलेज रिसोर्टसम्म पुगेको थियो । सहरको बाटो, उकालो र दुर्गम भू-भागको यो मिश्रणले मिडिया प्रतिनिधिहरूलाई बीवाइडी एट्टो ३ को अत्याधुनिक ड्राइभिङ फिचरहरू र मजबुत निर्माणको परीक्षण गर्न मौका दिएको कम्पनीको दाबी छ ।

कम्पनीका अनुसार बीवाइडी एट्टो ३ को मुख्य विशेषता दिगो र नयाँ प्रविधिमा आधारित इन्जिनियरिङ हो । यो एसयूभीमा बीवाइडीको क्रान्तिकारी ब्लेड ब्याट्री प्रविधि प्रयोग गरिएको छ, जसले ब्याट्रीको सुरक्षा, आयु र प्रदर्शनलाई सुधार गर्छ ।

बीवाइडीको डिजाइन दर्शनअनुसार, एट्टो ३-२०२४ संस्करणमा आधुनिक र आकर्षक देखिने ड्रागन फेस ३.० बाहिरी डिजाइनमा समावेश छ । गाडीभित्र ड्राइभर र यात्रुको अनुभवलाई अझ राम्रो बनाउनको लागि आरामदायी र स्टाइलिस इन्टेरियर प्रदान गरिएको छ ।

'बीवाइडी एट्टो ३-२०२४ ले केवल बीवाइडीको नवीनताप्रतिको प्रतिबद्धता मात्र होइन, नेपालको हाम्रा ग्राहकहरूका लागि इभी अनुभव सुधार गर्ने हाम्रो प्रतिबद्धता पनि झल्काउँछ । बीवाइडी एट्टो ३ को उत्कृष्ट सुरक्षा, प्रदर्शन र वातावरणमैत्री दक्षताले यसलाई इभी बजारको अगुवा र हरित नेपालको हाम्रो दृष्टिको महत्त्वपूर्ण हिस्सा बनाएको छ,' साइमेक्स इन्कका नेसनल सेल्स हेड अशुतोष गौतमले भने ।

## १ वर्षभित्र १०० वटा फास्ट–चार्जर स्थापना गर्न शारडा ग्रुप र गोल्छा अर्गनाइजेसनबीच सम्झौता




**काठमाडौं–** शारडा ग्रुप र गोल्छा अर्गनाइजेसनले डीसी फास्ट चार्जिङ स्टेसनको बृहत् सञ्जाल विकासका लागि सहकार्य गर्ने भएका छन् । यससम्बन्धमा दुई पक्षले औपचारिक रूपमा एक समझदारी पत्रमा हस्ताक्षर गरेका छन् ।

नेपालमा विद्युतीय सवारी साधनको पूर्वाधार विस्तार गर्ने एउटा महत्त्वपूर्ण कदमको रूपमा यसलाई लिइएको छ । यो साझेदारीले इभी प्रयोगकर्ताहरूका लागि सुविधाजनक चार्जिङ स्टेसन उपलब्ध गराउने र राष्ट्रव्यापी रूपमा वातानुकुलित र दिगो (सस्टेनेबल) यातायात प्रविधिलाई प्रवर्धन गर्ने लक्ष्य राखिएको छ ।

यस साझेदारीअनुसार १ वर्ष भित्रमा देशभरका १०० स्थानहरूमा फास्ट-चार्जर स्थापना गर्ने योजना छ । शारडा ग्रुप र गोल्छा अर्गनाइजेसनबीचको यो संयुक्त पहलले देशका मुख्य राजमार्ग तथा स्थानहरूमा चार्जिङ स्टेसन स्थापना गर्नमा ध्यान केन्द्रित गर्ने बताइएको छ ।

शारदा ग्रुप निसान, ओमोडा र जाइको र जिकर गाडीको आधिकारिक वितरक हो भने गोल्छा अर्गनाइजेसन नेपालका लागि लिपमोटर, सिट्रोन, प्युजियो र काइको आधिकारिक वितरक हो । साझेदारीले शारदा समूह र गोल्छा अर्गनाइजेसनसँग सम्बद्ध सबै ब्रान्डका ग्राहकहरूलाई पहुँच प्रदान गर्नेछ ।

विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापन कारोबार गरौं,
- विज्ञापनको कारोवार गर्दा दुईपक्षीय वा त्रिपक्षीय सम्झौता गर्ने गरौं,
- विज्ञापन कारोवारमा सञ्चारमाध्यमको बील हेरेरमात्र भुक्तानी दिने गरौं,
- विज्ञापन दिन विज्ञापनबदातालाई दवाव तथा प्रभाव नपारौं,
- विज्ञापन गरौं र आफ्नो व्यवसायको प्रवर्द्धन गरौं,
- विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार